# छैटौँ वार्षिक प्रतिवेदन

## आ.व. २०८०/०८१




## राष्ट्रिय समावेशी आयोग

पुल्चोक, ललितपुर, नेपाल

२०८१

# राष्ट्रिय समावेशी आयोग

## छैटौं वार्षिक प्रतिवेदन

### आ.व. २०८०/०८१




राष्ट्रिय समावेशी आयोग
पुल्चोक, ललितपुर, नेपाल
२०८१

# राष्ट्रिय समावेशी आयोग

## पुल्चोक, ललितपुर, नेपाल

**विषय : छैटौं वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको ।**

सम्मानननीय राष्ट्रपतिज्यू,
राष्ट्रपतिको कार्यालय,
राष्ट्रपति भवन, शितलनिवास, काठमाडौं

नेपालको संविधानको धारा २९४ बमोजिम राष्ट्रिय समावेशी आयोगले आर्थिक वर्ष २०८०/०८१ मा सम्पादन गरेका काम कारबाहीको छैटौं वार्षिक प्रतिवेदन प्रस्तुत गरेका छौं ।

| | | | |
|---|---|---|---|
| मान प्रसाद खत्री | पुष्पराज तिमिल्सिना | हरिदत्त जोशी | मा. विष्णुमाया ओझा |
| सदस्य | सदस्य | सदस्य | का.वा. अध्यक्ष |


Website: www.ninc.gov.np
Email: into@ninc.gov.np
Phone No.: 01-5555237, 55555329
Fax No.: 01-5555236


# आयोगका पदाधिकारीहरू



विष्णुमाया ओझा
का.वा. अध्यक्ष



हरि दत्त जोशी
सदस्य



पुष्पराज तिमिल्सिना
सदस्य



मान प्रसाद खत्री
सदस्य

## आयोगका सचिव



इश्वर कुमार गिरी

# मन्तव्य

समावेशीकरण गन्तव्य होइन गन्तव्यमा पुग्ने साधन हो। दिगो विकास लक्ष्यको संकल्पले समेत कसैलाई पछाडि नछोड्ने रहेको हुँदा यसले समावेशीकरणलाई पूर्ण रुपमा आत्मसात गरेको छ। २०७२ सालमा जारी नेपालको संविधानले समानुपातिक-समावेशी र सहभागितामूलक सिद्धान्त अंगिकार गरेको छ। सामाजिक न्याय सहितको समावेशीकरण कार्यान्वयन गर्न राज्यले नीति, योजना, बजेट, कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। नेपाल जस्तो भौगोलिक, बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक लगायत विविधताले भरिपूर्ण देशमा यी सबै विविधताबीच एकता कायम गरी समावेशीकरण गर्नु आवश्यक छ। त्यसका लागि समावेशीकरण सम्बन्धी बुझाई समान र प्रष्ट बनाउनु जरुरी छ।

समावेशीकरण कार्यान्वयनकै लागि अधिकारवादी आयोगको रुपमा राष्ट्रिय समावेशी आयोगको स्थापना भएको हो। राष्ट्रिय समावेशी आयोगको ११ वटा कार्यक्षेत्र छन् जसमा आर्थिक, सामाजिक, शैक्षिक दृष्टिले पछाडि परेका खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसंख्यक एवम् सीमान्तकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णाली तथा पिछडिएको क्षेत्रमा बसोबास गर्ने तथा आर्थिक रुपले विपन्न वर्ग लगायतका वर्ग, समुदाय र भूगोल रहेका छन्।

संविधानको धारा २९२ बमोजिम संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिले आयोगका पदाधिकारीहरु नियुक्त गर्ने व्यवस्था रहेको छ। राष्ट्रिय समावेशी आयोगको पदाधिकारीको नियुक्तिको सवाल भने रोचक छ। २०७५ साल माघ १ गते राष्ट्रिय समावेशी आयोगको कार्यालय स्थापना भयो, २०७५ साल चैत्र ७ गते अध्यक्षको पदमा शान्ताराज सुवेदीको नियुक्ति, २०७६ वैशाख ६ गते सदस्य विष्णुमाया ओझाको नियुक्ति, २०७७ माघ २१ गते हरिदत्त जोशी र रामचन्द्र जोशीको नियुक्ति, २०७८ असार १० गते अध्यक्षमा डा.रामकृष्ण तिमल्सेना तथा सदस्यमा पुष्पराज तिमिल्सिना र मान प्रसाद खत्रीको नियुक्ति पश्चात् आयोगमा पदाधिकारीले पूर्णता पाएको थियो। यो अवधिमा दुईपटक अध्यक्षको नियुक्ति भयो भने हाल अध्यक्षको पद रिक्त छ। २०७६ साल साउन १२ गते आयोगका अध्यक्ष शान्ता राज सुवेदीको राजीनामा पश्चात कार्यवाहक अध्यक्षको जिम्मेवारीमा विष्णुमाया ओझानै रहनुभएको थियो भने २०८१ साल वैशाख २ मा अध्यक्ष रामकृष्ण तिमल्सेनाले ६५ वर्षको उमेर हदका कारण स्वत: अवकाश प्राप्त गर्नुभए पश्चात पनि कार्यवाहक अध्यक्षको जिम्मेवारी विष्णुमाया ओझाले नै लिइरहनुभएको र हाल आयोगमा चार जना पदाधिकारी मात्र रहेको कुरा समेत अवगत गराउन चाहन्छु।

आयोगले वर्षभरी गरेका कामहरुको विवरण समावेश गरी तयार गरेको वार्षिक प्रतिवेदन राष्ट्रपतिलाई बुझाउनु पर्ने र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत संघीय संसदमा पेश गर्न लगाउने व्यवस्था रहेको छ। आयोगको यो छैटौं वार्षिक प्रतिवेदन हो। नेपालको संविधान, राष्ट्रिय समावेशी आयोग ऐन २०७४, समावेशिता र अधिकारका लागि नेपालले अन्तर्राष्ट्रिय तहमा गरेका प्रतिवद्धताहरु, संवैधानिक आयोगका सर्वमान्य सिद्धान्तहरु, सामाजिक न्याय तथा समावेशीकरणको सिद्धान्त र मान्यताहरुका साथै स्वतन्त्रता निष्पक्षता, पारदर्शिता र विवेकपूर्ण निर्णय प्रक्रियालाई अनुशरण गर्दै आयोगले अत्यन्त थोरै बजेट, कर्मचारीको अभावका बाबजुद पनि धेरै भन्दा धेरै काम गर्दै आएको छ। आयोगले कार्यसम्पादन गर्ने क्रममा बजेट र कर्मचारीको अभावमा कठिनाईको सामना गर्दै आएको छ।

आजपनि त्यो वर्ग समुदायले आधारभूत शिक्षा, स्वास्थ्य, रोजगारी जस्ता सार्वजनिक सेवाहरु उपभोग गर्न पाइरहेका छैनन्। जिउँदा भगवान् ज्येष्ठ नागरिकहरु एक्लो भई वृद्धाश्रममा पुगेकाछन्। अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसंख्यक एवम सीमान्तकृत समुदाय, पिछडिएको वर्ग र कर्णाली, पिछडिएको क्षेत्र, आर्थिक रुपले विपन्न वर्गको आर्थिक, सामाजिक जीवनस्तरमा आमुल परिवर्तन गरी राज्यका सबै संरचनामा अर्थपूर्ण समावेशीकरणको प्रक्रियाले पूर्णता पाएको छैन। समावेशिता जातीय मात्र नभएर वर्गीय र लैङ्गिक पनि हो भन्ने कुरा बिर्सन मिल्दैन।

आयोगले गरेका सिफारिस कार्यान्वयन गराउन संसदमा व्यापक छलफलको विषय बन्नु पर्ने तर त्यस्तो हुन सकेको देखिदैन। संविधानले अङ्गीकार गरेको समावेशीकरणको मर्मलाई व्यवहारमा लैजान आयोगले विभिन्न क्षेत्र वा समुदायको हक अधिकारसँग सम्बन्धित २७९ वटा विषयमा गरेको सिफारिसहरुलाई कार्यान्वयन गर्न सकेको अवस्थामा जनगुनासाहरुको सम्बोधन हुने थियो। समावेशीकरण पूर्णरुपमा कार्यान्वयन गर्न गराउन आगामी दिनमा संसदमा व्यापक छलफलको विषय बन्न सकोस्।

अन्त्यमा, आयोगको वार्षिक कार्यक्रम कार्यान्वयन गर्न यस आयोगसँग सम्बन्धित विषयमा समन्वय, सहकार्य गर्नुहुने नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, सरकारी तथा गैरसरकारी संस्थालाई हार्दिक धन्यवाद दिन चाहन्छु। यसैगरी, समावेशीकरण विषयमा आयोगसँगको सहयोग र सहकार्यमा कार्यक्रम सञ्चालन गर्नुहुने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था प्रति आभार व्यक्त गर्दछु। आयोगको काम सम्पन्न गर्न तथा प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउनु हुने आयोगका पदाधिकारीहरु र सम्पूर्ण कर्मचारीहरुलाई विशेष धन्यवाद दिन चाहन्छु।

**विष्णुमाया ओझा**
**कार्यवाहक अध्यक्ष**
**राष्ट्रिय समावेशी आयोग**

# प्रतिवेदन सारांश

१. राष्ट्रिय समावेशी आयोग संवैधानिक आयोगको रुपमा स्थापित संस्था हो। यसको स्थापना आर्थिक, सामाजिक, शैक्षिक दृष्टिले पछाडि परेका खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसंख्यक एवम् सीमान्तकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णाली तथा पिछडिएको क्षेत्रमा बसोबास गर्ने तथा आर्थिक रुपले विपन्न लगायतका वर्ग, समुदाय र क्षेत्रका नागरिकको हक अधिकार संरक्षणका लागि अध्ययन अनुसन्धान गरी उनीहरुको सशक्तीकरण र विकास गर्न सरकारलाई सिफारिस गर्ने कार्यका लागि भएको हो। यसैगरी यिनीहरुको समावेशीकरणका लागि सरकारले अवलम्बन गरेका नीति तथा कानून कार्यान्वयनको अवस्था अध्ययन गरी सुझाव दिने र कानूनमा समयानुकूल परिमार्जनको सिफारिस गर्नु आयोगको जिम्मेवारी रहेको छ।

२. आयोगले उल्लिखित समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र तिनीहरुको सशक्तीकरणका लागि सचेतनामूलक कार्यक्रम संचालन गर्ने काम समेत गर्नु पर्ने हुन्छ।

३. संविधानको धारा २५९, राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ मा उल्लिखित काम, कर्तव्य र अधिकार, दिगो विकास लक्ष्य, आवधिक योजनाले लक्षित गरेका नीति तथा कार्यक्रम, समावेशीताका सम्बन्धमा नेपालले गरेको अन्तर्राष्ट्रिय सन्धि सम्झौता तथा प्रतिवद्धताहरु नै यस आयोगको कार्य सम्पादनका मुख्य आधारहरु हुन।

४. नेपालको संविधान, राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम पाएको जिम्मेवारी बहन गर्न, आयोगको प्राथमिकता तथा आवश्यकता अनुसार कामलाई प्राथमिकीकरण गरी कार्यान्वयन गर्नको लागि आयोगले "आयोगको रणनीतिक योजना (२०७८/७९-२०८२/८३) को रणनीतिक खाका र कार्यान्वयन कार्ययोजना" कार्यान्वयनमा ल्याएको छ। आयोगले आफ्नो कार्यक्षेत्र भित्र रही अध्ययन अनुसन्धान गरी राज्य संरचनामा लक्षित वर्गको सहभागिता, संरक्षण र सशक्तीकरणका लागि नीति तथा कार्यक्रम सम्बन्धमा सरकार समक्ष सिफारिस गर्दै आएको छ।

५. आयोगमा हाल चार जना सदस्य पदाधिकारी एवम् राजपत्रांकित प्रथम श्रेणीको सचिव समेत २३ जना कर्मचारीहरु कार्यरत रहेका छन्।

६. आर्थिक वर्ष २०८०/८१ मा आयोगले आफ्नो कार्यक्षेत्रका विभिन्न विषयमा केन्द्र तथा स्थानीयस्तरमा गोष्ठी, छलफल, अन्तर्क्रिया र स्थलगत अनुगमन गरेको छ भने विभिन्न विषयमा अध्ययन/ अनुसन्धान समेत गरेको छ।

७. आयोगबाट भए गरेका अध्ययन/ अनुसन्धान, गोष्ठी, अन्तरक्रिया, छलफल र स्थलगत अनुगमन समेतका आधारमा प्रतिवेदन वर्षमा राजनीतिक समावेशिता, पिछडा वर्गको थर सूचीकरण, आरक्षण व्यवस्था, विपन्न खस आर्य पहिचान सम्बन्धी विषयहरुमा सरकारलाई सिफारिस गर्ने कार्य भएको छ।

८. आर्थिक वर्ष २०८०/८१ को लागि आयोगको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटमा समावेश भएका सबै कार्यक्रमहरु सम्पन्न भएका छन्।

९. आयोगको कार्यक्षेत्र भित्र पर्ने आर्थिक रुपले विपन्न वर्ग र अल्पसंख्यक एवम् सीमान्तकृत समुदाय, पिछडिएको क्षेत्रको पहिचानका आधार र मापदण्ड स्पष्ट नहुँदा उक्त वर्गको पहिचानमा कठिनाई हुनु, आयोगको कार्यक्षेत्रको व्यापकता अनुसार बजेट तथा आवश्यक जनशक्तिको व्यवस्थापन नहुनु, अपर्याप्त र जीर्ण भौतिक संरचनाका कारण उपयुक्त कार्यवातावरणको अभाव हुनु, लक्षित वर्गसँग सम्बन्धित खण्डिकृत तथ्याङ्कको अभाव जस्ता आयोगका समस्या रहेका छन्।

१०. तीनै तहका निकाय र आम नागरिकमा समावेशीकरण सम्बन्धी बुझाईमा एकरुपता कायम गर्नु, आयोगको कार्यक्षेत्र भित्र पर्ने आर्थिक रुपले विपन्न वर्ग, पिछडिएको क्षेत्र र अल्पसंख्यक एवम् सीमान्तकृत समुदायको पहिचानका स्पष्ट आधार र मापदण्ड निर्धारण गर्नु, विभिन्न आयोगहरु बीच कार्यक्षेत्र सम्बन्धमा देखिएका दोहोरोपनाको अन्त्य गर्नु, लक्षित वर्गका सम्बन्धमा दिईएका सिफारिसहरु सम्बन्धित निकायबाट कार्यान्वयन गराउनु यस आयोगका चुनौतीहरु रहेका छन्।

११. आयोगले समावेशिताको सम्बन्धमा सचेतनामूलक कार्यक्रमहरु संचालन गर्नु, आयोगबाट भएका सिफारिसहरु कार्यान्वयन गराउनु, आर्थिक रुपले विपन्न वर्ग, पिछडिएको क्षेत्र र अल्पसंख्यक एवम् सीमान्तकृत समुदायको पहिचानका आधार र मापदण्डलाई स्पष्ट बनाउनु आवश्यक रहेको छ।

# विषयसूची

## परिच्छेद - एक
## आयोगको गठन र कार्यक्षेत्र


| | |
|---|---|
| १.१ पृष्ठभूमि | १ |
| १.२ आयोगको गठन | २ |
| १.३ आयोगको काम, कर्तव्य र अधिकार | २ |
| १.४ आयोगको कार्यसम्पादनका आधारहरु | ५ |


## परिच्छेद - दुई
## आयोगको संगठन संरचना, वित्तीय स्थिति र भौतिक स्रोत साधनको अवस्था


| | |
|---|---|
| २.१ संगठन संरचना | ७ |
| २.२ दरबन्दी र पदपूर्तिको अवस्था | ८ |
| २.३ वित्तीय स्थिति | १० |
| २.३.१ बजेट, निकासा र खर्च | १० |
| २.३.२ राजश्व र धरौटी | ११ |
| २.४ भौतिक स्रोत साधनको अवस्था | ११ |


## परिच्छेद - तीन
## आयोगको वार्षिक कार्यक्रम र कार्यान्वयनको अवस्था


| | |
|---|---|
| ३.१ आयोगको कार्यसम्पादन | १२ |
| ३.२ आयोगको बैठक तथा निर्णय | १३ |
| ३.३ वार्षिक कार्यक्रम | १३ |
| ३.४ आयोगबाट सम्पादित मुख्य कार्यहरु | १४ |
| ३.४.१ अध्ययन-अनुसन्धान | १४ |
| ३.४.२ छलफल तथा अन्तरक्रिया र चेतनामूलक कार्यक्रम | १९ |
| ३.४.३ प्रकाशन | २१ |
| ३.४.४ अनुगमन | २२ |
| ३.४.५ नीतिगत परामर्श | २२ |
| ३.४.६ संस्थागत क्षमता विकास तथा अन्य गतिविधिहरु | २२ |
| ३.४.७ उजुरी तथा गुनासो व्यवस्थापन | २३ |
| ३.४.८ अन्य निकायसँग समन्वय र सहकार्य | २३ |

## परिच्छेद - चार
## आयोगका सिफारिस र सिफारिस कार्यान्वयनको अवस्था


४.१ नीतिगत सिफारिस २५
४.२ सिफारिस कार्यान्वयनको अवस्था ३७


## परिच्छेद - पाँच
## समस्या तथा चुनौतीहरु


५.१ समस्याहरु ३९
५.२ चुनौतीहरु ४०


## परिच्छेद - छ
## आगामी कार्यदिशा


६.१ लक्षित वर्गको हकहित सम्बन्धी ४१
६.२ आयोगको सांगठनिक सुदृढीकरणसम्बन्धी ४४
६.२.१ जनशक्ति ४४
६.२.२ वित्तीय व्यवस्थापन ४४
६.२.३ क्षमता विकास ४४


## अनुसूचीहरु


अनुसूची - १_आयोगमा कार्यरत कर्मचारीहरुको नामावली ४५
अनुसूची - २_आयोगको खर्च भएर नजाने भौतिक सामाग्रीहरुको विवरण ४६
अनुसूची - ३_आर्थिक वर्ष २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम ४९
राष्ट्रिय समावेशी आयोगका गतिविधि झल्कने केही तस्वीरहरु ५१

# परिच्छेद - एक

## आयोगको गठन र कार्यक्षेत्र

### १.१ पृष्ठभूमि

नेपालको संविधानले समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने परिकल्पना गरेको छ। यसैगरी, संविधानले समानताको हक, जेष्ठ नागरिकको हक, श्रमको हक, सामाजिक न्यायको हक र सामाजिक सुरक्षाको हकलाई मौलिक हकको रुपमा प्रत्याभूति गरेको छ। दिगो विकास लक्ष्यले समावेशीकरणको व्यवस्थालाई प्रष्ट रुपमा व्याख्या गरेको छ। दिगो विकासको लक्ष्यको "कसैलाई पनि पछाडि नछाड्ने" ध्येय रहेको छ। यसको परिमाणात्मक लक्ष्यमा उमेर, लिंग, अपाङ्गता, जातजाति, धर्म, वर्ग, सामाजिक, आर्थिक राजनैतिक समावेशीतालाई सशक्त बनाउने विषय उल्लेख गरेको छ।

संवैधानिक व्यवस्थालाई विभिन्न कानून, नीति, योजना तथा कार्यक्रमको माध्यमबाट राज्यका विभिन्न संयन्त्र मार्फत कार्यान्वयन गरिन्छ। सरकारसँग हुने बहुआयामिक शक्ति र अधिकारको प्रयोगबाट नागरिकका मानव अधिकार हनन हुन सक्ने सम्भावना भएकोले मानव अधिकारको संरक्षण र विकासको लागि विश्वसनीयता कायम गर्दै स्वतन्त्र र सक्षम तरिकाले अधिकारको कार्यान्वयन गर्न र अधिकार उल्लंघन हुन नदिन स्वतन्त्र र सक्षम न्यायालय र संवैधानिक आयोगको व्यवस्था गरिएको छ।

संविधान तथा अन्य प्रचलित कानूनद्वारा प्रदान गरिएका नागरिकका जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित अधिकार एवम् नेपाल पक्ष भएको मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि-सम्झौतामा निहित अधिकार समेतलाई कार्यान्वयन गर्न नेपालको संविधानमा विभिन्न संवैधानिक आयोगको व्यवस्था गरिएको छ। यी आयोगहरुले आ-आफ्नो क्षेत्राधिकार भित्र रहेर नागरिकका राजनीतिक, आर्थिक एवम् सामाजिक न्याय र स्वतन्त्रताको रक्षाका लागि आफ्नो भूमिका निर्वाह गरिरहेका छन्। यी आयोगहरु मध्ये राष्ट्रिय समावेशी आयोग पनि एक हो।

राष्ट्रिय समावेशी आयोगको कार्यक्षेत्र बृहत छ। खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसङ्ख्यक एवम् सीमान्तीकृत समुदाय तथा पिछडिएको वर्ग, पिछडिएको क्षेत्र, कर्णाली र आर्थिक रुपले विपन्न वर्ग लगायतका समुदाय यस आयोगका सरोकारवाला वर्ग र समुदाय हुन्। राज्य संयन्त्रमा ती वर्ग र समुदायका मानिसहरुको समुचित प्रतिनिधित्व गराई समावेशी लोकतन्त्रको स्थापनामा सहयोग पुऱ्याउन एवम् स्रोत साधन, अधिकार, अवसर र प्रतिफलमा

पहुँच र समता अभिवृद्धि गर्नुका साथै कमजोर वर्ग र क्षेत्रको सुरक्षा र संरक्षण गर्दै सामाजिक न्याय स्थापना गर्नका लागि आवश्यक पर्ने राज्यका नीति, निर्देशक सिद्धान्त एवम् कानून तथा कार्यक्रम तर्जुमा गर्न एवम् समयानुकूल आवश्यक परिमार्जन गर्न सरकारलाई सिफारिस र सुझाव दिनु यस आयोगको मुख्य दायित्व रहेको छ।

जिम्मेवारी, अधिकार र स्रोत साधन बीचमा सघन सम्बन्ध हुन्छ। एउटाको अभावमा अर्को कार्यान्वयन गर्न सकिदैन। त्यसैगरी संवैधानिक र कानूनी व्यवस्था कार्यान्वयन गर्न तीनै तहका सरकारको उत्तिकै जिम्मेवारी रहन्छ। आधारभूत आवश्यकताको परिपूर्ति, सामाजिक-सांस्कृतिक संरक्षण र उपयोग, लक्षित वर्गको पहिचान र खण्डीकृत तथ्याङ्क संकलन र व्यवस्थापन, संवैधानिक व्यवस्थालाई स्थानीय कानून, नीति तथा कार्यक्रममा रुपान्तरण एवम् सामाजिक न्याय र समावेशिता हरेक सवालमा आर्थिक रुपले विपन्न, पछाडि परेको वर्ग, अल्पसंख्यक एवम् सीमान्तकृत समुदाय र पिछडिएको क्षेत्र एवम् आवाजविहीन वर्ग वा समुदायलाई पहिलो प्राथमिकतामा राखिनु पर्छ भन्ने मान्यता नै आयोगको आधारशिला हो।

राष्ट्रिय समावेशी आयोगले नेपालको संविधान, राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम प्राप्त जिम्मेवारी वहन गर्न, आयोगको प्राथमिकता तथा आवश्यकता अनुसार कामलाई प्राथमिकीकरण गरी कार्यान्वयन गर्नका लागि पाँच वर्षे रणनीतिक योजना (२०७८/७९-२०८२/८३) तर्जुमा गरी कार्यान्वयन गरिरहेको छ। आयोगले आफ्नो कार्यक्षेत्र भित्र रहेर अध्ययन अनुसन्धान गरी राज्य संरचना र नीति तथा कार्यक्रमहरुमा लक्षित वर्गको सहभागिता, संरक्षण र सशक्तीकरणका लागि सरकार समक्ष सिफारिस गर्दै आएको छ।

### १.२ आयोगको गठन

नेपालको संविधानको भाग २७ अन्तर्गत धारा २५८ को उपधारा (१) मा राष्ट्रिय समावेशी आयोगको गठन सम्बन्धी व्यवस्था छ। जसअनुसार आयोगमा अध्यक्ष र अन्य चारजनासम्म सदस्यहरू रहने प्रावधान छ। सोही धाराको उपधारा (२) मा राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्ने व्यवस्था रहेको छ भने उपधारा (३) मा आयोगका अध्यक्ष तथा सदस्यहरुको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुने व्यवस्था छ।

### १.३ आयोगको काम, कर्तव्य र अधिकार

राष्ट्रिय समावेशी आयोग खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसङ्ख्यक एवम् सीमान्तीकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णाली तथा पिछडिएको

क्षेत्र, आर्थिक रुपले विपन्न वर्ग लगायतका समुदायको हक अधिकारको संरक्षण, प्रतिनिधित्व, सशक्तीकरण, विकास र सहभागिताको लागि अध्ययन-अनुसन्धान तथा अनुगमनको माध्यमबाट नीति, कानून तथा कार्यक्रमको बारेमा सरकारलाई सिफारिस गर्ने संवैधानिक आयोगको रुपमा स्थापना भएको हो। नेपालको संविधानको धारा २५९ मा उल्लेख भए अनुसार आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छः

(क) खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसंख्यक एवम् सीमान्तीकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णाली तथा पिछडिएको क्षेत्र, आर्थिक रूपले विपन्न वर्ग लगायतका समुदायको हक अधिकारको संरक्षणका लागि अध्ययन तथा अनुसन्धान गर्ने,

(ख) खण्ड (क) मा उल्लिखित समुदाय, वर्ग र क्षेत्रको समावेशीकरणका लागि सरकारले अवलम्बन गरेको नीति तथा कानूनको कार्यान्वयन अवस्थाको अध्ययन गरी सुधारका लागि सरकारलाई सुझाव दिने,

(ग) खण्ड (क) मा उल्लिखित समुदाय, वर्ग र क्षेत्रको राज्य संयन्त्रमा उचित प्रतिनिधित्व भए नभएको अध्ययन गरी त्यस्तो समुदाय, वर्ग र क्षेत्रको प्रतिनिधित्वका लागि गरिएको विशेष व्यवस्थाको पुनरावलोकन गर्न सरकारलाई सुझाव दिने,

(घ) खण्ड (क) मा उल्लिखित समुदाय, वर्ग र क्षेत्रको संरक्षण, सशक्तीकरण र विकास सन्तोषजनक भए नभएको अध्ययन गरी भविष्यमा अवलम्बन गर्नु पर्ने नीतिको सम्बन्धमा सरकार समक्ष सिफारिस गर्ने,

(ङ) कर्णाली र पिछडिएको क्षेत्रको विकास र समृद्धिका लागि अवलम्बन गर्नु पर्ने नीति र कार्यक्रमका सम्बन्धमा सरकारलाई सुझाव दिने,

(च) अल्पसंख्यक तथा सीमान्तीकृत समुदाय सम्बन्धी कानूनमा समयानुकूल परिमार्जनका लागि सिफारिस गर्ने,

(छ) अल्पसंख्यक तथा सीमान्तीकृत समुदायका लागि प्रत्याभूत हक अधिकारको कार्यान्वयन स्थिति अनुगमन गरी आवधिक रूपमा हुने राष्ट्रिय जनगणना तथा मानव विकास सूचकांक सम्बन्धी प्रतिवेदनको आधारमा आवश्यक पुनरावलोकन गरी परिमार्जनका लागि सिफारिस गर्ने।

यसैगरी राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ को दफा ३ मा देहाय बमोजिम आयोगको काम, कर्तव्य र अधिकारलाई उल्लेख गरिएको छः

(क) खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसङ्ख्यक एवम् सीमान्तीकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णालीमा बसोबास गर्ने तथा आर्थिक रूपले विपन्न वर्ग लगायतका समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन र मूल्याङ्कन गर्ने,

(ख) आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने वा गराउने,

(ग) खण्ड (क) मा उल्लिखित समुदाय, वर्ग र क्षेत्रभित्र आर्थिक वा सामाजिक रूपमा पछाडि परेका व्यक्तिको विकास र सशक्तीकरणको लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न सरकारलाई सिफारिस गर्ने,

(घ) खण्ड (क) मा उल्लिखित समुदाय, वर्ग र क्षेत्रको भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गरी त्यस्तो भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको संरक्षण र विकासको लागि कार्यक्रम तर्जुमा गरी सरकारलाई सिफारिस गर्ने,

(ङ) खण्ड (क) मा उल्लिखित समुदाय, वर्ग र क्षेत्रको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो वर्ग वा समुदायको सशक्तीकरणको लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(च) खण्ड (क) मा उल्लिखित समुदाय, वर्ग र क्षेत्रमा विद्यमान सबै प्रकारको शोषणको अन्त्य गर्न कार्यक्रम तर्जुमा गरी सरकारलाई सिफारिस गर्ने,

(छ) खण्ड (क) मा उल्लिखित वर्ग, क्षेत्र र समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी सरकारलाई कार्यान्वयनको लागि आवश्यक सिफारिस गर्ने वा सुझाव दिने,

(ज) खण्ड (क) मा उल्लिखित वर्ग, क्षेत्र र समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी सङ्कलन गरी सो उपर छानबिन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने,

(झ) खण्ड (क) मा उल्लिखित वर्ग, क्षेत्र र समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न सरकारलाई सिफारिस गर्ने,

(ञ) खण्ड (क) मा उल्लिखित वर्ग, क्षेत्र र समुदायका सन्दर्भमा लिइने नीति, कार्यक्रम तथा निर्णयका सम्बन्धमा सरकार र अन्य सङ्घ संस्थाहरूसँग आवश्यक समन्वय गर्ने,

(ट) अध्यक्ष, सदस्य तथा आयोगका कर्मचारीको लागि आचारसंहिता बनाई लागू गर्ने वा गराउने,

(ठ) आयोगको वार्षिक योजना तथा कार्यक्रम स्वीकृत गर्ने।

## १.४ आयोगको कार्यसम्पादनका आधारहरु

संविधान प्रदत्त नागरिकका मौलिक हकहरु मुख्यत: समानताको हक, सामाजिक न्यायको हक, सामाजिक सुरक्षाको हक, स्वतन्त्रताको हक एवम् विभिन्न समुदाय वा समूहका हकलाई आयोगले कार्यसम्पादनको मुख्य आधारको रुपमा लिएको छ। यी हक अन्तर्गत सबै नागरिकहरु राज्यको दृष्टिमा समान रहने तर आर्थिक वा सांस्कृतिक रुपमा पिछडिएको वर्ग वा समुदायको संरक्षण, विकास र सशक्तीकरणका लागि विशेष व्यवस्था गर्न सकिने प्रावधानका साथै आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका वर्ग, समुदायको समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यका प्रत्येक निकायमा सहभागिता हुने, आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षा प्रदान गर्ने समेत व्यवस्था रहेको छ।

समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोककल्याणकारी राज्यको स्थापना गर्ने, सबै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य गरी सभ्य र समतामूलक समाजको निर्माण गर्ने लगायतका राज्यका निर्देशक सिद्धान्तहरु र राज्यका नीतिहरुमा उल्लेख गरिएको छ। यसका साथै अल्पसंख्यक, सीमान्तीकृत, पिछडा वर्ग, उत्पीडित तथा पिछडिएको क्षेत्र र विपन्न वर्गको संरक्षण, उत्थान, सशक्तीकरण र विकासको लागि विशेष व्यवस्था गर्ने, सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिकता दिने व्यवस्था लगायतका संवैधानिक प्रावधानहरुलाई समेत आयोगले आफ्नो कार्यसम्पादनका आधारहरुको रुपमा अङ्गीकार गरेको छ।

नेपालको संविधानको धारा २५९ र राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ को दफा ३ मा उल्लिखित आयोगको काम, कर्तव्य र अधिकार, दिगो विकास लक्ष्य, सोह्रौं योजनाले लक्षित गरेका रुपान्तरणकारी रणनीति तथा कार्यक्रम अन्तर्राष्ट्रिय कानून र नेपालले अन्तर्राष्ट्रिय जगतमा गरेका

प्रतिवद्धता, संयुक्त राष्ट्र संघ र यस अन्तर्गतका निकायहरुसँग गरिएका सन्धि सम्झौता आयोगको कार्यसम्पादनका अन्य आधार हुन्।

यसका साथै राष्ट्रिय हित, सार्वजनिक हित, सामाजिक कल्याण र कमजोर वर्गको विशेष संरक्षण साथै समावेशिताको सिद्धान्त र पहिचान एवम् विविधता व्यवस्थापनसँग सम्बन्धित विषयहरु पनि आयोगका कार्यसम्पादनका आधार हुन्। आयोगले कार्यसम्पादन गर्दा संवैधानिक आयोगका मूल्य मान्यता, आदर्श तथा यसका सर्वमान्य सिद्धान्तहरु मूलतः स्वतन्त्रता, निष्पक्षता, स्वच्छता, तटस्थता, पारदर्शिता र विवेकपूर्ण निर्णयलाई अवलम्बन गर्ने गरेको छ।


# परिच्छेद -दुई

## आयोगको संगठन संरचना, वित्तीय स्थिति र भौतिक स्रोत साधनको अवस्था

### २.१ संगठन संरचना

राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ को दफा १४ मा आयोगको संगठनात्मक संरचना र कर्मचारीको दरबन्दी सरकारले स्वीकृत गरे बमोजिम हुने व्यवस्था छ। सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७७/०८/३० मा स्वीकृत संगठन संरचना अनुसार आयोगमा स्थायीतर्फ १३ र सेवा करारतर्फ १४ गरी जम्मा २७ दरबन्दी रहेको छ। त्यस्तै गरी आयोगमा पाँच जना पदाधिकारीहरु रहने व्यवस्था भएकोमा हाल चार जना सदस्यहरु वहाल रहेको र अध्यक्ष पद रिक्त रहेको अवस्था छ।

**आयोगको स्वीकृत संगठन संरचना देहाय बमोजिम रहेको छः-**



**पुनश्च :**

१. आयोगका पदाधिकारी/सदस्यहरु नियुक्ति भई पदावधि कायम रहँदासम्म आवश्यक पर्ने निजी सहायकहरु (रा.प.अन. प्रथम श्रेणी सरहको) प्रत्येक पदाधिकारी/सदस्यहरु लाई १ (एक) जनाको दरले दरबन्दी रहने गरी सेवा करारबाट पदपूर्ति गर्न सकिनेछ।

२. आयोगका पदाधिकारी/सदस्यहरु नियुक्ति भई पदावधि कायम रहँदासम्म आवश्यक पर्ने हलुका सवारी चालक (श्रेणी विहीन) प्रत्येक पदाधिकारी/सदस्यहरुलाई १ (एक) जनाको दरले दरबन्दी रहने गरी सेवा करारबाट पद्पूर्ति गर्न सकिनेछ।

३. आयोगका पदाधिकारी/सदस्यहरु नियुक्ति भई पदावधि कायम रहँदासम्म आवश्यक पर्ने कार्यालय सहयोगी (श्रेणी विहीन) २ (दुई) जना सदस्यहरुलाई १ (एक) जनाको दरले दरबन्दी रहने गरी सेवा करारबाट पदपूर्ति गर्न सकिनेछ। स्वीपर १ जनाको लागि बजेट व्यवस्था गरी सेवा करारबाट कार्य सञ्चालन गर्न सकिनेछ।

## २.२ दरबन्दी र पदपूर्तिको अवस्था

राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ को दफा ९ को उपदफा (१०) अनुरुप आयोगको सचिवको रुपमा सरकारका राजपत्रांकित प्रथम श्रेणीको कर्मचारी रहने व्यवस्था छ भने दफा १४ मा आयोगको संगठनात्मक संरचना र कर्मचारीको दरबन्दी सरकारले स्वीकृत गरे बमोजिम हुने व्यवस्था छ। आयोगको सचिवालयमा सरकारबाट स्वीकृत दरबन्दी र पदपूर्तिको अवस्थालाई तालिका नं. १ र तालिका नं. २ मा प्रस्तुत गरिएको छ।

## तालिका नं. १ :

## स्थायी दरबन्दी र पदपूर्ति

| क्र. सं. | पद/श्रेणीको विवरण | सेवा/समूह | स्वीकृत दरबन्दी संख्या | पदपूर्ति संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | सचिव/राजपत्राङ्कित प्रथम श्रेणी | प्रशासन | १ | १ | |
| २ | उपसचिव/राजपत्राङ्कित द्वितीय श्रेणी | प्रशासन/सा.प्र. | १ | १ | |
| ३ | शाखा अधिकृत/राजपत्राङ्कित तृतीय श्रेणी | प्रशासन/सा.प्र. | २ | २ | |
| ४ | नायव सुब्बा/रा.प.अनं. प्रथम श्रेणी | प्रशासन/सा.प्र. | २ | २ | |
| ५ | कम्प्युटर अपरेटर/रा.प.अनं. प्रथम श्रेणी | प्रशासन/विविध | १ | १ | |
| ६ | लेखापाल/रा.प. अनं. प्रथम श्रेणी | प्रशासन/लेखा | १ | १ | |
| ७ | हलुका सवारी चालक (श्रेणी विहीन) | | २ | १ | सेवा करार |
| ८ | कार्यालय सहयोगी (श्रेणी विहीन) | | ३ | ३ | सेवा करार |
| | जम्मा | | १३ | १२ | |

## तालिका नं. २ :

## अस्थायी दरबन्दी र पदपूर्ति

| क्र.सं. | पद/श्रेणीको विवरण | स्वीकृत दरबन्दी | कार्यरत कर्मचारीको संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | निजी सहायक/ रा.प.अनं. प्रथम श्रेणी | ५ | ४ | सेवा करार |
| २ | हलुका सवारी चालक (श्रेणी विहीन) | ५ | ४ | सेवा करार |
| ३ | कार्यालय सहयोगी (श्रेणी विहीन) | ३ | २ | सेवा करार |
| ४ | स्वीपर (श्रेणी विहीन) | १ | १ | सेवा करार |
| | **जम्मा** | **१४** | **११** | |

आयोगका पदाधिकारीका निजी सहायक, हलुका सवारी चालक, कार्यालय सहयोगी र स्वीपरका पदहरु सेवा करारबाट पूर्ति गरिएका छन्। आयोगमा कार्यरत कर्मचारीहरुको विवरण अनुसूची-१ मा उल्लेख गरिएको छ।

## २.३ वित्तीय स्थिति

### २.३.१ बजेट, निकासा र खर्च

आर्थिक वर्ष २०८०/८१ मा आयोगलाई सरकारबाट चालु तर्फ पदाधिकारी खर्च रु. ८१,०६,०००।— (अक्षरुपी एकासी लाख छ हजार), प्रशासनिक खर्च रु. २,४३,००,०००।— (अक्षरुपी दुई करोड त्रिचालीस लाख), पूँजीगत तर्फ रु.१३,००,०००/- (अक्षरुपी तेह्र लाख), संचित बिदा तर्फ रु.३,४५,८४१।- ( अक्षरुपी तीन लाख पैतालीस हजार आठ सय एकचालीस) र औषधि उपचार तर्फ रु. ४,७७,९४२।— (चार लाख सतहत्तर हजार नौ सय बयालीस) गरी कुल रु. ३,४५,२९,७८३।— (अक्षरुपी तीन करोड पैतालीस लाख उनान्तीस हजार सात सय त्रियासी) बजेट विनियोजन भएको थियो। आयोगको बजेट शीर्षक, उपशीर्षक र संकेतको आधारमा विनियोजित बजेट र खर्चलाई तालिका नं. ३ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. ३**

विनियोजित बजेट र खर्चको विवरण

| क्र.सं. | बजेट उप शीर्षक | बजेट शीर्षक | बजेट विनियोजन | कूल खर्च | खर्च (प्रतिशत) |
|---|---|---|---|---|---|
| १. | २२६००००११३ | चालु | २,४३००००० | २३०९९०२७.७६ | ९५.०६ |
| २. | २२६०००१३ | चालु– पदाधिकारी | ८१,०६००० | ७६८९२४६.८० | ९४.८६ |
| ३. | २२६०००११४ | पुंजीगत | १३००००० | १०७०४७८.६३ | ८२.३४ |
| ४. | ६०१०००१३३ | संचित बिदा | ३४५८४१ | ३४५८४१ | १०० |
| ५. | ६०१०००१६३ | औषधि उपचार | ४७७९४२ | ४७७९४२ | १०० |
| | | **जम्मा** | **३४५२९७८३** | **३२६८२५३६.१९** | **९४.६५** |

### २.३.२ राजश्व र धरौटी

यस आयोगलाई राजश्व संकलन गर्ने अधिकार नरहेको हुँदा राजश्व संकलन शून्य रहेको छ। आ.व. २०८०/८१ मा धरौटी खाता शून्य रहेको छ।

### २.४ भौतिक स्रोत साधनको अवस्था

ललितपुर जिल्ला, ललितपुर महानगरपालिका, पुल्चोक स्थित तत्कालीन फोहोरमैला व्यवस्थापन तथा प्राविधिक सहयोग केन्द्र रहेको टहरा भवनहरु र विभिन्न आ.व.मा नयाँ निर्माण गरिएका टहरा भवनहरु समेतबाट आयोगको कार्यालय सञ्चालन हुँदै आएको छ। आयोगका अन्य भौतिक साधनहरुमा कार्यालय सञ्चालनसँग सम्बन्धित उपकरण, फर्निचर, कम्प्युटर तथा दुई पांग्रे र चार पांग्रे सवारी साधनहरु रहेका छन्। आयोगको भौतिक सामाग्रीहरुको अवस्था खुलेको विवरण अनुसूची -२ मा समावेश गरिएको छ।

# परिच्छेद - तीन

## आयोगको वार्षिक कार्यक्रम र कार्यान्वयनको अवस्था

### ३.१ आयोगको कार्यसम्पादन

नेपालको संविधान तथा राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ ले निर्दिष्ट गरे बमोजिमका आयोगको कार्यक्षेत्रभित्र पर्ने विभिन्न एघार वटा समुदाय, वर्ग र क्षेत्रलाई आयोगका पदाधिकारीहरुको विशेषज्ञता र रुची समेतका आधारमा कार्यविभाजन गरी कार्यसम्पादन भइरहेको छ। हाल कायम रहेको आयोगको कार्यक्षेत्र तथा पदाधिकारीहरुको कार्यविभाजन देहायबमोजिम रहेको छः-

<table>
<tr><th>पद</th><th>पदाधिकारीको नाम</th><th>कार्यक्षेत्र</th></tr>
<tr><td>अध्यक्ष</td><td>रिक्त</td><td rowspan="2">• आयोग पदाधिकारी तथा कर्मचारीलाई तोकिएको विषयमा समन्वय र निर्देशन<br>• आयोगको व्यवस्थापकीय कार्य र कार्य विभाजनमा नपरेका क्षेत्र तथा विषयहरु<br>• ज्येष्ठ नागरिक<br>• किसान</td></tr>
<tr><td>सदस्य (हाल कार्यवाहक अध्यक्ष)</td><td>विष्णुमाया ओझा</td></tr>
<tr><td>सदस्य</td><td>हरिदत्त जोशी</td><td>• श्रमिक<br>• अपाङ्गता भएका व्यक्ति</td></tr>
<tr><td>सदस्य</td><td>पुष्पराज तिमिल्सिना</td><td>• कर्णालीमा बसोबास गर्ने<br>• आर्थिक रुपले विपन्न वर्ग,<br>• अल्पसंख्यक तथा सीमान्तीकृत समुदाय<br>• पिछडा वर्ग<br>• संचार तथा जनसम्पर्क (प्रवक्ता)</td></tr>
<tr><td>सदस्य</td><td>मान प्रसाद खत्री</td><td>• खस आर्य<br>• पिछडिएको क्षेत्र</td></tr>
</table>

## ३.२ आयोगको बैठक तथा निर्णय

नेपालको संविधान, राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ र आयोगको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७५ अनुसार आयोगको बैठक सञ्चालन हुँदै आएको छ। उल्लिखित संवैधानिक र कानूनी व्यवस्थाले आयोगको बैठक सञ्चालनलाई व्यवस्थित, मर्यादित र पारदर्शी बनाउन सहयोग पुगेको छ।

आ.व. २०८०/८१ मा जम्मा २१ वटा बैठक बसी विविध विषयहरु माथि छलफल गरी २१ वटा निर्णय भएका थिए। बैठक तथा निर्णय सम्बन्धी संक्षिप्त विवरण तालिका नं.४ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. ४**

आयोगको बैठक सम्बन्धी विवरण

| सि.नं. | बैठक संख्या | निर्णय संख्या | विषय | कैफियत |
|---|---|---|---|---|
| १ | जम्मा बैठक संख्या २१ | ५ | योजना तथा कार्यक्रम सम्बन्धी | |
| २ | | १ | अध्ययन/अनुसन्धान/अनुगमन सम्बन्धी | |
| ३ | | ९ | नीतिगत सिफारिस/राय परामर्श सम्बन्धी | |
| ४ | | १ | वार्षिक प्रतिवेदन सम्बन्धी | |
| ५ | | ५ | प्रशासनिक र अन्य | |

## ३.३ वार्षिक कार्यक्रम

आ.व. २०८०/८१ मा आयोगको वार्षिक कार्यक्रममा विभिन्न कार्यक्रमतर्फ रु.३०,००,०००/- बजेट विनियोजन भएको थियो। उक्त विनियोजित बजेटबाट देहाय बमोजिमका विषयहरु समेटी वार्षिक कार्यक्रम स्वीकृत गरिएको थियो :-

१. स्थानीय स्तरमा लक्षित वर्गसँग सम्बन्धित छलफल तथा अन्तरक्रिया,
२. केन्द्र तथा सरोकारवालाहरुसँग गोष्ठी तथा छलफल,
३. अपाङ्गता भएका व्यक्तिहरुसम्बन्धी कानूनहरु कार्यान्वयन अवस्थाको अध्ययन,

४. उपल्लो कर्णाली क्षेत्रको अध्ययन

५. शासन प्रणालीमा समावेशिता सम्बन्धी अध्ययन,

६. खस आर्यको संस्कृति सम्बन्धी अध्ययन

७. पिछडा वर्गको वर्गीकरण सम्बन्धी अध्ययन

८. वृद्धाश्रमहरुको अवस्था सम्बन्धी अध्ययन,

९. कृषि अनुदानको प्रभावकारिता सम्बन्धी अध्ययन

१०. पिछडिएको क्षेत्रको स्थिति र पहिचानका आधार सम्बन्धी अध्ययन

११. श्रम सम्बन्धको अवस्था सम्बन्धी अध्ययन

१२. वार्षिक समीक्षा तथा आयोग दिवस मनाउने,

१३. वार्षिक प्रतिवेदन तथा अन्य प्रकाशनहरु।

आयोगबाट स्वीकृत वार्षिक कार्यक्रमको विनियोजित बजेट र खर्च रकमको पूर्ण विवरण अनुसूची -३ मा राखिएको छ।

### ३.४ आयोगबाट सम्पादित मुख्य कार्यहरु

नेपालको संविधान र राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ ले यस आयोगले गर्नुपर्ने काम, कर्तव्य र अधिकार सुनिश्चित गरेको छ। सोही बमोजिम आयोगको स्वीकृत कार्यक्रम र विनियोजित बजेट भित्र रही आ.व.२०८०/८१ मा आयोगबाट देहाय बमोजिम मुख्य मुख्य कार्यहरु सम्पादन भएका छन्।

#### ३.४.१ अध्ययन-अनुसन्धान

खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसंख्यक एवम् सीमान्तीकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णाली तथा पिछडिएको क्षेत्र, आर्थिक रूपले विपन्न वर्ग लगायतका समुदायको हक अधिकारको संरक्षण गर्न, सरकारले अवलम्बन गरेको नीति तथा कानून कार्यान्वयनको अवस्थाको सुधारका लागि सरकारलाई सुझाव दिने। उनीहरुको संरक्षण, सशक्तीकरण र विकासका लागि भविष्यमा अवलम्बन गर्नु पर्ने नीतिका सम्बन्धमा सरकार समक्ष सिफारिस समेत गर्नका लागि आयोगबाट विभिन्न विषयमा अध्ययनसम्बन्धी कार्य भएको थियो। प्रतिवेदन वर्षमा आयोगबाट भएका अध्ययन सम्बन्धी कार्यहरू देहाय बमोजिम छन्ः-

### क. अपाङ्गता भएका व्यक्तिहरुसम्बन्धी कानूनहरु कार्यान्वयन अवस्थाको अध्ययन

अपाङ्गता भएका व्यक्तिहरुसम्बन्धी कानूनहरु कार्यान्वयन अवस्थाबारे अध्ययन गरी उनीहरुको हित अभिवृद्धिका लागि सरकारलाई सिफारिस गर्नुपर्ने विषय क्षेत्रहरु पहिचान गर्ने उद्देश्यले आर्थिक वर्ष २०८०/८१ मा विज्ञसँग सम्झौता गरी अध्ययन गरिएको थियो। उक्त अध्ययनका क्रममा आयोगमा एक दिवसीय गोष्ठी आयोजना गरी अपाङ्गता भएका व्यक्तिहरुसँग विद्यमान समस्या, चुनौती तथा पृष्ठपोषण संकलन गरिएको थियो। यसैगरी, आयोगका सदस्य हरिदत्त जोशीको नेतृत्वमा उक्त अध्ययनको प्रारम्भिक प्रतिवेदन उपर राय, सुझाव तथा पृष्ठपोषण प्राप्तिका लागि कास्कीको पोखरामा छलफल तथा अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो। साथै, राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालबाट समेत उक्त प्रारम्भिक प्रतिवेदन उपर राय सुझाव माग गरी अन्तिम प्रतिवेदन तयार गरिएको थियो।

### ख. श्रम सम्बन्धको अवस्था सम्बन्धी अध्ययन

नेपालको संविधान तथा राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ अनुसार यस आयोगको कार्यक्षेत्रभित्र श्रमिक पनि पर्दछ। रोजगारदाता र श्रमिकबीचको सम्बन्ध सुमधुर र सन्तुलित बनाउँदै दुवै पक्षको हक अधिकार सुनिश्चित गर्न श्रम सम्बन्धका विषयमा श्रम ऐन, २०७४ र श्रम नियमावली, २०७५ मा व्यवस्था गरिएको छ। श्रम ऐन र नियमावलीमा भएको श्रम अडिटको बाध्यकारी व्यवस्थाका बारेमा अध्ययन गरी आगामी दिनमा गर्नुपर्ने सुधारका क्षेत्रको पहिचान गर्न आवश्यक देखिएकोले आयोगको वार्षिक कार्यक्रममा श्रम सम्बन्धको अवस्था सम्बन्धी अध्ययन समावेश गरिएको थियो।

अध्ययनमा आर्थिक वर्ष २०७९/०८० मा श्रम कार्यालयहरूबाट ३११ प्रतिष्ठानको श्रम अडिट फाराम लिई विश्लेषण गरिएको थियो र जानकार व्यक्तिसँगको छलफल, सङ्ख्यात्मक नतिजाको प्रस्तुतीका क्रममा सरोकारवाला निकायका उपस्थित सहभागीबाट राय सुझाव र अनुभव संकलन गर्नुका साथै अन्य व्यक्तिगत, औपचारिक र अनौपचारिक छलफलका आधारमा सूचना सङ्कलन र विश्लेषण गरिएको थियो। आयोगका सदस्य हरिदत्त जोशीको नेतृत्वमा बारा, पर्सा र मकवानपुरमा लक्षित वर्गहरुसँग अध्ययन प्रतिवेदन उपर छलफल तथा अन्तरक्रिया कार्यक्रम भएको थियो। लक्षित वर्ग र सरोकारवालाहरु समेतको राय सुझाव लिई विज्ञ अध्ययनकर्ताबाट आयोगमा सम्बन्धित क्षेत्रका विज्ञहरु समेतको सहभागितामा वृहत छलफल गरी अध्ययन प्रतिवेदनलाई

परिष्कृत गरिएको थियो। उक्त अध्ययन प्रतिवेदनबाट प्राप्त सुझाव समेतका आधारमा सरकारलाई आवश्यक सिफारिस गर्ने लक्ष्य रहेको छ।

### ग. खस आर्यको संस्कृति अध्ययन

नेपालमा बसोबास गर्ने विभिन्न समुदायहरुमध्ये खस आर्य पनि एक हो। त्यसैगरी, आयोगको कार्यक्षेत्रभित्र खस आर्य समेत रहेको छ। नेपालको विविधतायुक्त समाजको महत्वपूर्ण समुदायको रुपमा रहेको खस आर्य समुदायको संस्कृतिको अध्ययन गरी विद्यमान अवस्था तथा संरक्षणका लागि राज्यको भूमिकाका विषयमा अध्ययन गर्नु आवश्यक रहेको परिवेशमा खस आर्यको संस्कृति अध्ययन गराइएको थियो।

विज्ञबाट प्राप्त प्रतिवेदनमा विभिन्न दस्ताबेजहरुको अध्ययन, विज्ञहरुको धारणा, राष्ट्रिय अन्तर्राष्ट्रिय प्रचलन, तथ्याङ्कीय विश्लेषण समेतका आधारमा खस आर्यका संस्कृतिहरुको विश्लेषण गरिएको थियो। सो प्रतिवेदन उपर सम्बन्धित क्षेत्रका विज्ञहरु समेतको सहभागितामा छलफल तथा अन्तरक्रिया गरी प्राप्त भएको सुझाव समेतका आधारमा सरकारलाई आवश्यक सिफारिस गर्ने लक्ष्य रहेको छ।

### घ. वृद्धाश्रमहरुको अवस्था सम्बन्धी अध्ययन

असहाय ज्येष्ठ नागरिकहरुलाई मर्यादित र सम्मानित जीवनयापनका लागि सहजता प्रदान गर्न खुलेका हेरचाह केन्द्र तथा वृद्धाश्रमहरुले निश्चित मापदण्ड पूरा गरेर मात्रै सञ्चालन गर्नुपर्ने व्यवस्था ज्येष्ठ नागरिक सम्बन्धी ऐन तथा नियमावलीले गरेको छ। नेपालभर सञ्चालित हेरचाह केन्द्र तथा वृद्धाश्रमहरुमा कानूनले तोके अनुसारको मापदण्डको पालना, सञ्चालनको स्थिति, त्यहाँ रहेका समस्या तथा समाधानका लागि गर्नुपर्ने पहलहरुका सम्बन्धमा अध्ययन गर्ने उद्देश्यले वृद्धाश्रमहरुको अवस्था सम्बन्धी अध्ययन गराइएको थियो। साथै, अध्ययनको क्रममा आयोगका सदस्य विष्णुमाया ओझाको नेतृत्वमा विज्ञ समेतको टोलीले बारा, पर्सा, मकवानपुर, चितवन, तनहुँ र काठमाडौं उपत्यका भित्र रहेका वृद्धाश्रमहरुको अवलोकन भ्रमण गरी सुझावहरु संकलन गरी प्रतिवेदन तयार गरिएको थियो।

अध्ययनमा देशका विभिन्न स्थानमा सञ्चालित वृद्धाश्रमहरुको वस्तुगत स्थिति तथा मापदण्डको अवस्थालाई विश्लेषण गरी सुझावहरु प्रस्तुत गरिएको थियो। उक्त अध्ययन प्रतिवेदन उपर

सरोकारवालाहरुसँग छलफल तथा अन्तरक्रिया मार्फत सुझाव संकलन गरी अन्तिम प्रतिवेदन तयार गरिएको थियो ।

### ङ. कृषि सम्बन्धी अनुदानको प्रभावकारिता सम्बन्धी अध्ययन

आयोगको कार्यक्षेत्रभित्र कृषक पनि रहेको सन्दर्भमा विभिन्न तहका सरकारले कृषकलाई प्रदान गर्दै आएको अनुदान र त्यसको प्रभावकारिताका सम्बन्धमा अध्ययन कार्यक्रम राखिएको थियो। कृषि अनुदानमा देखिएका समस्या, चुनौती तथा त्यसको समाधानका उपाय पहिचान गर्ने उद्देश्यले कृषि सम्बन्धी अनुदानको प्रभावकारिता सम्बन्धमा परामर्श सेवाबाट अध्ययन गराइएको थियो। सो प्रतिवेदन उपर सम्बन्धित क्षेत्रका विज्ञ तथा सरोकारवालाहरु समेतको सहभागितामा छलफल तथा अन्तरक्रिया गरी प्राप्त सुझाव समेतका आधारमा प्रतिवेदनलाई अन्तिम रुप दिइएको थियो। सो सम्बन्धमा थप अध्ययन गरी सरकारलाई आवश्यक सिफारिस गर्ने लक्ष्य रहेको छ।

### च. पिछडिएको क्षेत्रको स्थिति र पहिचानका आधार सम्बन्धी अध्ययन

आयोगको कार्यक्षेत्र भित्र पिछडिएको क्षेत्र समेत रहेको छ। निजामती सेवा ऐन, २०४९ ले पिछडिएको क्षेत्र भन्नाले हुम्ला, जुम्ला, मुगु, डोल्पा, कालिकोट, अछाम, बझाङ, बाजुरा र जाजरकोट गरी ९ (नौ) वटा जिल्लालाई तोकेको छ। आर्थिक वर्ष २०८०/८१ को वार्षिक कार्यक्रममा पिछडिएको क्षेत्रको स्थिति र पहिचानको आधार विषयको अध्ययन गरिएको थियो। उक्त अध्ययनका क्रममा आयोगका पदाधिकारीहरुबाट दार्चुलाको महाकाली नगरपालिका, बैतडीको दशरथचन्द नगरपालिका र बझाङको जयपृथ्वी नगरपालिकामा स्थलगत भ्रमण तथा अध्ययन गरिएको थियो। अध्ययनको क्रममा उक्त स्थानीय तहका पदाधिकारी र लक्षित समुदायहरुसँग छलफल तथा अन्तरक्रिया समेत गरिएको थियो।

पिछडिएको क्षेत्रको पहिचानका लागि आधार तथा मापदण्डका विषयमा आयोगमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री माननीय भानुभक्त जोशीज्यूको प्रमुख आतिथ्यतामा बाजुरा, अछाम र बझाङबाट प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने सांसदहरु तथा निर्वाचन आयोग, राष्ट्रिय योजना आयोग र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रतिनिधिहरुसँग छलफल गरिएको थियो। स्थलगत अवलोकन र छलफल तथा अन्तरक्रियाबाट प्राप्त सूचनाहरुले पिछडिएको क्षेत्रको पहिचानका आधारहरु तय गर्न उल्लेखनिय सहयोग पुग्ने देखिएको छ।

### छ. उपल्लो कर्णाली क्षेत्रको अध्ययन

कर्णाली पनि आयोगको कार्यक्षेत्र अन्तर्गत रहेको र उपल्लो कर्णालीको दुर्गमताको अवस्था र त्यहाँका आवश्यकताका सम्बन्धमा अध्ययन गर्नु आवश्यकदेखि आयोगले आ.व.२०८०/८१ को वार्षिक कार्यक्रममा उपल्लो कर्णाली क्षेत्रको अध्ययन समावेश गरेको थियो। सो अध्ययनका सम्बन्धमा विज्ञसहित आयोगका सदस्य पुष्पराज तिमिल्सिनाको टोलीले डोल्पाको से-फोक्सुन्डो गाउँपालिका वडा नं-८ रेग्मो र ठूली भेरी नगरपालिका, दुनैमा उपल्लो कर्णालीका विविध पक्षहरु (सामाजिक, आर्थिक, दुर्गमताको अवस्था) लगायतका विषयमा स्थानीय व्यक्तिहरुसँग अन्तरक्रिया गर्नुभएको थियो। यस्तै, उपल्लो कर्णालीका सम्भावनाका क्षेत्रहरु र विद्यमान समस्याहरु तथा उपल्लो कर्णालीको विकासका सम्बन्धमा राज्यले लिनुपर्ने नीतिका विषयमा सरोकारवाला पक्षहरुसँग छलफल गरी सुझाव संकलन गरिएको थियो। उक्त स्थलगत भ्रमण तथा अन्तरक्रिया कार्यक्रम पश्चात प्राप्त प्रतिवेदन उपर सुझाव तथा पृष्ठपोषणका लागि २ दिने आवासीय कार्यक्रम गरी विज्ञहरुसँग छलफलको आयोजना गरिएको थियो। उपल्लो कर्णालीका सम्बन्धमा स्थानीय र केन्द्रीय स्तरमा भएका छलफलबाट प्राप्त सुझाव समेतका आधारमा सरकारलाई आवश्यक सिफारिस गर्ने लक्ष्य रहेको छ।

### ज. शासन प्रणालीमा समावेशिता सम्बन्धी अध्ययन

राज्यका स्रोत साधन तथा प्रतिनिधित्व तथा शासन प्रणालीमा लक्षित वर्गको सामाजिक न्यायसहितको समावेशिताका सम्बन्धमा सरकारलाई सुझाव दिने अधिकार यस आयोगलाई रहेको सन्दर्भमा शासन प्रणालीमा समावेशीकरणको अवस्था सम्बन्धी अध्ययनको आवश्यकता महसुस गरी अध्ययन गरिएको थियो। उक्त अध्ययनका लागि आयोगका सदस्य मान प्रसाद खत्रीको नेतृत्वमा डोटीको जोरायल गाउँपालिका छनौट गरी अन्तरक्रिया कार्यक्रम तथा स्थलगत अवलोकन समेत गरिएको थियो। छलफल तथा अन्तरक्रिया कार्यक्रममा सम्बन्धित स्थानीय तहका पदाधिकारीहरुका साथै स्थानीय लक्षित समुदायको सहभागिता रहेको थियो। स्थलगत अवलोकन र छलफल तथा अन्तरक्रियाबाट प्राप्त सूचनाहरुले शासन प्रणालीमा समावेशिताको स्थितिका सम्बन्धमा रहेका सवालहरु उजागर गरी सरकारलाई सुझाव उपलब्ध गराउन उल्लेखनीय सहयोग पुग्ने देखिएको छ। यससम्बन्धी थप अध्ययन गरी प्राप्त सुझाव समेतका आधारमा सरकारलाई आवश्यक सिफारिस गर्ने लक्ष्य रहेको छ।

### ३.४.२ छलफल तथा अन्तरक्रिया र चेतनामूलक कार्यक्रम

आ.व. २०८०/८१ मा आयोगको कार्यक्षेत्रसँग सम्बन्धित विभिन्न सरोकारवालाहरुसँग संघ, प्रदेश तथा स्थानीय तह स्तरमा छलफल तथा अन्तरक्रिया कार्यक्रमहरु सञ्चालन गरिएको थियो। त्यस्ता कार्यक्रमबाट प्राप्त सुझाव तथा कार्यक्रममा सहभागीहरुबाट व्यक्त धारणाहरुलाई आयोगबाट भएका अध्ययन अनुसन्धान, नीति तथा कार्यक्रम सिफारिसका सन्दर्भमा पृष्ठपोषणका रुपमा उपयोग गरिएको थियो।

**क) केन्द्रीय स्तरमा छलफल तथा अन्तरक्रिया**

आयोगका कार्यक्षेत्रसँग सम्बन्धित विभिन्न विषयमा लक्षित वर्ग तथा समुदाय, विशेषज्ञ तथा सरोकारवाला निकायका प्रतिनिधिसँग २४ वटा छलफल तथा अन्तरक्रिया कार्यक्रम गरिएको थियो। छलफल तथा अन्तरक्रिया सम्बन्धी संक्षिप्त विवरण तालिका नं. ५ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. ५**

**केन्द्रीय स्तरमा भएका छलफल तथा अन्तरक्रिया सम्बन्धी विवरण**

| सि. नं. | संस्था/व्यक्ति/लक्षित समूह | कार्यक्रम संख्या | कैफियत |
|---|---|---|---|
| १ | पिछडा वर्ग | ५ | |
| २ | खस आर्य समुदाय | २ | |
| ३ | ज्येष्ठ नागरिक | ४ | |
| ४ | किसान | ३ | |
| ५ | अपाङ्गता भएका व्यक्ति | ३ | |
| ६ | अल्पसंख्यक समुदाय | १ | |
| ७ | श्रमिक | १ | |
| ८ | कर्णाली र पिछडिएको क्षेत्र | २ | |
| ९ | अन्य सरोकारवाला विभिन्न संघ संस्थाका प्रतिनिधि/विज्ञ | ३ | |
| | **जम्मा** | २४ | |

**ख) स्थानीय स्तरमा छलफल तथा अन्तरक्रिया र अन्य कार्यक्रम**

आयोगको कार्यक्षेत्रसँग सम्बन्धित सरोकारवालाहरुसँग स्थानीय स्तरमा र केन्द्रीय स्तरमा गरिएका छलफल तथा अन्तरक्रिया कार्यक्रमहरुको संक्षिप्त विवरण देहाय बमोजिम छ :-

१. स्थानीय तहमा समावेशिताको अवस्था र आगामी कार्यदिशा विषयमा आयोगका सदस्य पुष्पराज तिमल्सिनाको नेतृत्वमा कास्कीको मादी र अन्नपूर्ण गाउँपालिका, अध्यक्ष डा. रामकृष्ण तिमल्सेनाको नेतृत्वमा आयोगका अन्य सदस्यहरु समेतको टोलीबाट पर्वतको मोदी गाउँपालिका, बाराको जितपुर सिमरा उपमहानगरपालिका, दार्चुलाको महाकाली नगरपालिका, बैतडीको दशरथचन्द नगरपालिका र बझाङको जयपृथ्वी नगरपालिका र जोरायल गाउँपालिकामा छलफल तथा अन्तरक्रिया गरिएको थियो। आयोगका कार्यवाहक अध्यक्ष विष्णुमाया ओझाको नेतृत्वमा आयोगका सदस्यहरु समेतको सहभागितामा ओखलढुंगाको सिद्धिचरण नगरपालिका, खोटाङको दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका, सोलुखुम्बुको सोलुदूधकुण्ड नगरपालिकामा सम्बन्धित स्थानीय तहका पदाधिकारीहरुका साथै स्थानीय बुद्धिजिवीहरुको उपस्थितिमा छलफल तथा अन्तरक्रिया कार्यक्रम भएको थियो।

२. आयोगको कार्यक्षेत्रभित्र पर्ने खस आर्य समुदाय र अल्पसंख्यक वादी समुदायसँग समेत आयोगद्वारा प्रतिवेदन वर्षमा कैलालीको लम्कीचुवा नगरपालिकामा छुट्टाछुट्टै छलफल तथा अन्तरक्रिया कार्यक्रम गरिएको थियो। कार्यक्रममा आयोगका पदाधिकारीहरु तथा लक्षित वर्गका प्रतिनिधिहरुको सहभागिता रहेको थियो। अल्पसंख्यक वादी समुदायसँग भएको छलफल कार्यक्रममा स्थानीय तहका प्रतिनिधि तथा अल्पसंख्यक वादी समुदायका प्रतिनिधिहरुसँग विद्यमान समस्याका सम्बन्धमा अन्तरक्रिया गरिएको थियो। यसैगरी, खस आर्य समुदायका प्रतिनिधिहरुसँग खस आर्यको परम्परा तथा यसको संरक्षणमा युवाको भूमिका विषयमा छलफल कार्यक्रम आयोजना गरिएको थियो।

३. नेपालमा बालश्रमको विद्यमान अवस्था र भावी रणनीतिसम्बन्धी विषयमा काठमाडौंमा प्लान ईन्टरनेशनल नेपालसँगको सहकार्यमा सरोकारवालाको सहभागितामा एक अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो।

४. लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायको अवस्था तथा समस्याहरुका सम्बन्धमा "मायाको पहिचान नेपाल" नामक गैरसरकारी संस्थासँग सहकार्य गरी अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो।

### ३.४.३ प्रकाशन

आयोगले प्रतिवेदन वर्षमा देहाय बमोजिमको पुस्तक प्रकाशन गरेको छ।

**१. "नेपालमा समावेशीकरणः संक्षिप्त जानकारी"**

"नेपालमा समावेशीकरणः संक्षिप्त जानकारी" विषयक पुस्तक समावेशीकरणको अवधारणा, संवैधानिक, कानूनी एवम् नीतिगत व्यवस्थाका साथै सर्वोच्च अदालतबाट प्रतिपादित नजीरहरु तथा अन्तर्राष्ट्रिय अभ्यासहरुसमेतका विषयवस्तुहरु प्रस्तुत पुस्तकमा समावेश गरिएका छन्। विभिन्न दस्तावेजमा छरिएर रहेका समावेशीकरण सम्बन्धी विषयवस्तुहरु एकै दस्तावेजमा संग्रह गरी आम नागरिकसमक्ष समावेशीकरण सम्बन्धी सूचनाको सहज पहुँचका लागि सेन्टर फर इन्टरनेशनल स्टडिज एण्ड कोअपरेशन (CECI) नामक गैरसरकारी संस्थासँगको सहकार्यमा पुस्तक तयार गरिएको थियो।

**२. जानकारी मूलक पुस्तिका**

आयोगको काम, कर्तव्य र अधिकार तथा लक्षित वर्ग लगायतका विषय समेटिएको जानकारीमूलक पुस्तिका (Brochure) प्रकाशनको कार्यलाई निरन्तरता दिएको छ।

**३. राष्ट्रिय समावेशी आयोगसँग सम्बन्धित कानूनहरुको सँगालो**

विभिन्न दस्तावेजहरुमा रहेका राष्ट्रिय समावेशी आयोगसँग सम्बन्धित कानूनहरुको सँगालो प्रकाशन गरिएको छ।

**४. वृत्तचित्र**

आयोगको कार्यक्षेत्र समेतका विषय समेटी तयार गरेको वृत्तचित्र लगायतका सामग्रीहरुको प्रस्तुतिले जनचेतनाको विस्तार भइ रहेको अपेक्षा गरिएको छ।

५. आयोगको पारदर्शिता र सूचनाको हक कार्यान्वयन सम्बन्धी नीति अनुसार आयोगबाट सूचनाको हक अन्तर्गत आयोगको क्रियाकलाप सहित चौमासिक प्रकाशन र आयोगबाट अध्ययन र अनुसन्धान भएका प्रतिवेदनहरुको हकमा आयोगले उपयुक्त ठहऱ्याएको प्रतिवेदन आयोगको वेवसाईटका साथै छपाईका माध्यमबाट समेत सार्वजनिक गर्दै आइरहेको छ।

### ३.४.४ अनुगमन

लक्षित समुदाय, वर्ग र क्षेत्रको समावेशीकरणका लागि सरकारले अवलम्बन गरेका नीति तथा कानूनको कार्यान्वयन अवस्था, उनीहरुको संरक्षण, सशक्तीकरण र विकासको अवस्था अनुगमन गरी नीतिगत पृष्ठपोषण लिन आयोगको स्थापनाकालदेखि नै आयोगबाट अनुगमन हुँदै आएको छ। विभिन्न मितिमा आयोगका पदाधिकारी सहितको टोलीबाट चितवन, बारा, पर्सा, मकवानपुर, तनहुँ, नवलपरासी पूर्व, कास्की, पर्वत र म्याग्दी जिल्लामा लक्षित वर्गहरुको समावेशीकरणको अवस्था, कृषि अनुदानको व्यवस्था, वृद्धाश्रमको अवस्थासम्बन्धी अनुगमन भएको थियो। आयोगबाट स्थानीय स्तरमा छलफल तथा अन्तरक्रिया गर्दा कार्यक्रममा सहभागी पदाधिकारी र कर्मचारीहरुबाट सम्बन्धित स्थानहरुमा रहेका लक्षित वर्गहरुको समावेशीकरणको अवस्था र लक्षित समुदाय, वर्ग र क्षेत्रको हक अधिकार अभिवृद्धिका लागि सरकारबाट सञ्चालित कार्यक्रमहरुको समेत अनुगमन भएको थियो।

### ३.४.५ नीतिगत परामर्श

सरकारका समष्टीगत नीति तथा कार्यक्रमका साथै आयोगको कार्यक्षेत्र भित्र पर्ने समुदाय, वर्ग र क्षेत्रसँग सम्बन्धित नीतिहरुका सन्दर्भमा आयोगको राय, परामर्श तथा सुझाव माग भएका बखत आयोगबाट त्यस्तो राय, परामर्श तथा सुझाव उपलब्ध गराउँदै आएको छ। आ.व.२०८०/८१ मा समेत राष्ट्रिय मानव अधिकार आयोग, महिला आयोग लगायत निर्वाचन आयोगमा राय प्रदान भएका छन्।

### ३.४.६ संस्थागत क्षमता विकास तथा अन्य गतिविधिहरु

#### क. संस्थागत क्षमता विकास

आयोगले अध्ययन अनुसन्धानमा सम्बन्धित वर्ग र क्षेत्रको विशेषज्ञको सहभागिता सुनिश्चित गर्न विशेषज्ञ सूचीकृत गर्ने, विज्ञलाई आयोगबाट हुने अध्ययनमा सहभागी गराउने जस्ता अभ्यासलाई निरन्तरता दिईएको छ।

राष्ट्रिय समावेशी आयोगको पाँच वर्षे रणनीतिक योजना (आ.व.२०७८/७९-आ.व.२०८२/८३) अनुरुप हुने गरी आयोगका क्रियाकलापहरु सञ्चालन गरिएका छन्। संस्थागत सुदृढीकरणका साथै वित्तीय उत्तरदायित्व र आन्तरिक नियन्त्रणलाई मजबुत बनाउन आन्तरिक व्यवस्थापन, नियन्त्रण तथा सञ्चालन निर्देशिका, २०७८ बमोजिम आयोगको कार्य सञ्चालन गरिएको छ। राष्ट्रिय समावेशी आयोगका पदाधिकारी तथा

कर्मचारीको आचार संहिता, २०७६ अनुसार पदाधिकारीका साथै कर्मचारीहरुका आचरणलाई व्यवस्थित गरिएका छन्।

**ख. अन्य गतिविधि**

हरेक वर्षझै आयोगले २०८० साल फागुन महिनाको ८ गतेका दिन (अन्तर्राष्ट्रिय सामाजिक न्याय दिवस-फेब्रुअरी २२) राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यूको प्रमुख आतिथ्यता एवम् संवैधानिक आयोगका पदाधिकारीहरु, लक्षित वर्गका प्रतिनिधिहरु र सञ्चारकर्मीहरुको सहभागितामा आफ्नो वार्षिक दिवस मनाएको थियो।

### ३.४.७ उजुरी तथा गुनासो व्यवस्थापन

आयोगमा प्राप्त भएका गुनासा तथा लक्षित वर्गको हकहितका सम्बन्धमा उठेका सवालहरुका विषयमा सरकारका सम्बन्धित निकायहरुको ध्यानाकर्षण गराइएको थियो। प्रतिवेदन वर्षमा ध्यानाकर्षण गराइएका विषय सम्बन्धी विवरण तालिका नं.-१ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. १**

| क्र.स. | ध्यानाकर्षण गराइएको विषयको संक्षिप्त व्यहोरा | ध्यानाकर्षण गराइएको निकायको नाम | मिति |
|---|---|---|---|
| १ | अपाङ्गता भएका व्यक्तिहरुका लागि व्यवस्था गरिएको सेवा तथा सुविधाको पूर्ण कार्यान्वयनको सम्बन्धमा। | श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिंहदरबार, काठमाडौं। | २०८०/१२/१३ |
| २ | श्रमिकका हकहितका विभिन्न सवालहरु सम्बोधनका सम्बन्धमा। | श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरबार, काठमाडौं। | २०८०/१२/२२ |

### ३.४.८ अन्य निकायसँग समन्वय र सहकार्य

लक्षित वर्गका अधिकार संरक्षण र प्रवर्द्धनमा थप योगदान पुऱ्याउन आयोगबाट अन्य संवैधानिक आयोगहरु तथा सरकारी निकायहरुसँग आवश्यकता अनुसार समन्वय र सहकार्य हुँदै आएको छ।

नेपालमा बालश्रमको विद्यमान अवस्था र भावी रणनीतिसम्बन्धी विषयमा "प्लान ईन्टरनेशनल नेपाल" नामक गैरसरकारी संस्थासँगको सहकार्यमा अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो। यसैगरी, लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायको अवस्था तथा समस्याहरुका सम्बन्धमा "मायाको पहिचान नेपाल" नामक गैरसरकारी संस्थासँग सहकार्य गरी अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो। त्यसैगरी, विभिन्न गैरसरकारी संस्था एवम् पेशागत संस्थाहरुसँग समावेशिताका सवालमा आवश्यकता अनुसार समन्वय र सहकार्य भएका छन्।

१६औं योजना निर्माण, मध्यमकालीन खर्च संरचना निर्माण, वार्षिक कार्यक्रम छलफल सम्बन्धमा राष्ट्रिय योजना आयोगसँग र वार्षिक बजेटको सन्दर्भमा अर्थ मन्त्रालयसँग समन्वय हुँदै आएको छ।

अन्तर्राष्ट्रिय नारी दिवस, लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानजस्ता अवसरमा सरोकारवाला निकायहरुसँगको समन्वयमा विभिन्न सचेतनामूलक कार्यक्रमहरु गरिएका थिए। प्रतिवेदन वर्षमा लैंगिक अल्पसंख्यक, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, किसान, ज्येष्ठ नागरिक लगायतका वर्ग र समुदायबाट आयोजना भएका सभा, गोष्ठी, सम्मेलन तथा कार्यक्रममा सक्रिय सहभागिता जनाइएको थियो। त्यस्ता कार्यक्रमका माध्यमबाट आयोगका गतिविधि र लक्षित वर्गको हितका सम्बन्धमा सूचना प्रवाह तथा अनुभव आदान प्रदान भएको थियो।

# परिच्छेद - चार

## आयोगका सिफारिस र सिफारिस कार्यान्वयनको अवस्था

### ४.१ नीतिगत सिफारिस

खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसंख्यक एवम् सीमान्तीकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णाली तथा पिछडिएको क्षेत्र, आर्थिक रूपले विपन्न वर्ग लगायतका समुदायको हक अधिकारको संरक्षण तथा सरकारले अवलम्बन गरेको नीति एवम् कानून कार्यान्वयन अवस्थाको सुधारका लागि सरकारलाई सुझाव दिने साथै उनीहरुको संरक्षण, सशक्तीकरण र विकासका लागि भविष्यमा अवलम्बन गर्नु पर्ने नीतिका सम्बन्धमा सरकार समक्ष सिफारिस गर्नु यस आयोगको मुख्य कार्य रहेको छ।

यस आयोगले लक्षित समुदाय, वर्ग र क्षेत्रका हक, हित अभिवृद्धिका लागि सम्बन्धित नीति तथा कानूनमा भएका व्यवस्थाहरुको कार्यान्वयन अवस्था, सरकारबाट सञ्चालित लक्षित कार्यक्रमहरुको औचित्यता, पर्याप्तता तथा प्रभावकारिता जस्ता पक्षहरुमा केन्द्रित रही अध्ययन तथा अनुसन्धान गर्दै आएको छ। यस्ता अध्ययन र अनुसन्धान स्थलगत भ्रमण तथा अवलोकन, छलफल तथा अन्तर्क्रिया आदिका माध्यमबाट आयोगले प्रतिवेदन वर्षमा चार वटा विषयमा सरकारलाई सिफारिस गरेको छ। प्रतिवेदन वर्षमा सरकारलाई सिफारिस गरिएका विषयहरु देहाय बमोजिम रहेका छन्ः-

### क. राजनीतिक समावेशिता सम्बन्धी

आयोगको मिति २०८०/०९/२२ को निर्णयानुसार राजनीतिक समावेशिता सम्बन्धी देहाय बमोजिमको सिफारिस गरिएकोः-

नेपालको संविधानले परिकल्पना गरेको सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न राजनीतिको महत्वपूर्ण भूमिका रहन्छ। संविधान अनुकुल राजनीति भए मात्रै देशमा गरिबीको अन्त्य, सुशासन तथा लोकतान्त्रिक पद्धति स्थापना भई देश समृद्धिको दिशातर्फ अग्रसर हुन्छ। तसर्थ, संविधानको भावना अनुरुप सामाजिक न्याय, विविधताको व्यवस्थापन तथा सामुदायिक सद्भावलाई मूर्तरुप दिन देशको राजनीति स्वच्छ, लोकतान्त्रिक, समावेशी र सुशासनयुक्त हुनु आवश्यक छ। जाति, वर्ग र लिङ्ग भेदलाई अन्त्य गर्दै पिँधमा रहेका वर्गलाई सशक्तीकरणद्वारा मूलप्रवाहीकरण गरी समावेशी सिद्धान्त अनुरुप प्रतिनिधित्वको अवसर उपलब्ध गराउने संवैधानिक लक्ष्य हो।

न्यायोचित प्रतिनिधित्वको सिद्धान्त अबलम्बन गर्ने निर्वाचन पद्धति विकास गरी लोकतन्त्रलाई विसंस्कृत हुन रोकी संवैधानिक अभिष्ट पूरा गर्न तथा राजनीतिक सुशासन कायम गर्न देहाय बमोजिमको व्यवस्था गर्न सरकारलाई सिफारिस गरिएको छः-

१) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचनका लागि दलहरुले उम्मेदवार तय गर्दा नेपालको इतिहास, भूगोल, संस्कृति बुझेको, राजनीतिक सुझबुझ भएको, राष्ट्रिय जीवनमा महत्वपूर्ण योगदान गरेको, सक्षम र योग्य व्यक्तिलाई सिफारिस गर्ने अभ्यास गर्ने। यसका लागि आवश्यक मापदण्ड निर्धारण गर्ने।

२) नेपाली समाजको बनोटका आधारमा कुनै कारणबाट राज्यको मूलप्रवाहीकरणमा आउन नसकेका र पछि परेका जातजाति, वर्ग, क्षेत्र र समुदायको समानुपातिक प्रतिनिधित्व गराउन संघीय संसदमा वि.सं २०६३ सालदेखि वि.सं २०७९ चैतसम्म एक जना पनि प्रतिनिधित्व नभएका देहायको तालिका बमोजिमका विभिन्न जात, जातिहरुको समूह बनाई उक्त समूहबाट आगामी प्रतिनिधि सभा, प्रदेश सभा सदस्य निर्वाचन र राजनीतिक नियुक्तिहरुमा अनिवार्य प्रतिनिधित्व गराउन आवश्यक व्यवस्था मिलाउने।

**वि.स. २०६३ देखि २०७९ चैत्रसम्म व्यवस्थापिका संसदमा प्रतिनिधित्व नभएका जात/जाति र उनीहरुको २०७८ सालको राष्ट्रिय जनगणना बमोजिमको जनसंख्या**

| क्र.सं. | जातहरु | जनसंख्या |
|---|---|---|
| १ | नुराङ | ३६ |
| २ | बनकरिया | १८० |
| ३ | कुसण्डा | २५३ |
| ४ | सुरेल | ३१८ |
| ५ | ल्होमी | ३५५ |
| ६ | बालुङ | ४८१ |
| ७ | राउटे | ५६६ |
| ८ | तोप्केगोला | ६४२ |
| ९ | कोचे | ८४७ |
| १० | फ्रि | ९२१ |
| ११ | कलार | ९३१ |
| १२ | ल्होपा | १३९० |
| १३ | किसान | १४७९ |
| १४ | चिडिमार | १६१५ |
| १५ | करमारोङ | १६६३ |
| १६ | पञ्जावी/शिख | १८४६ |
| १७ | मुगल/मुगम | २१२४ |
| १८ | डोने | २१२५ |
| १९ | ढाँडी | २३३९ |
| २० | कमार | २५३२ |
| २१ | लोहोरुङ | २५९८ |
| २२ | नटुवा | २८९६ |
| २३ | हलखोर | २९२९ |
| २४ | बेलदार | ३०३७ |
| २५ | हायु | ३०६९ |

| | | |
|---|---|---|
| २६ | पत्थरकट्टा/कुशवाडिया | ३३४३ |
| २७ | लेप्चा | ३५७८ |
| २८ | मुण्डा | ३५८९ |
| २९ | धन्कार/धरिकार | ४०९० |
| ३० | चुम्बा नुब्री | ४४१४ |
| ३१ | चाई/खुलौत | ४८०५ |
| ३२ | साङ्पाङ | ४८४१ |
| ३३ | राजी | ५१२५ |
| ३४ | व्याँसी/सौका | ५७१८ |
| ३५ | मेवाहङ बाला | ५७२७ |
| ३६ | सतबरिया | ५७९३ |
| ३७ | डोल्पो | ५८१८ |
| ३८ | आठपहरिया | ५८७८ |
| ३९ | खालिङ | ५८८९ |
| ४० | थुलुङ | ६२३९ |
| ४१ | बाहिङ | ६५४७ |
| ४२ | गाइने | ६९७१ |
| ४३ | नाछिरिङ | ७३०० |
| ४४ | केवरत | ८८०९ |
| ४५ | याम्फु | ९१११ |
| ४६ | खटिक | ९१५२ |
| ४७ | ह्योल्मो | ९८१८ |
| ४८ | बोटे | ११२५८ |
| ४९ | चाम्लिङ | १२१७८ |
| ५० | बंगाली | १३८०० |
| ५१ | राजधोब | १५३९१ |
| ५२ | भोटे | १५८१८ |
| ५३ | याक्खा | १७४६० |
| ५४ | माली | १९६०५ |
| ५५ | डोम | १९९०१ |
| ५६ | कोरी | २०६७० |
| ५७ | राजभर | २९२४० |
| ५८ | कुलुङ | ३३३८८ |
| ५९ | गडेरी/भेडियार | ३५४९७ |
| ६० | लोध | ३९८७२ |
| ६१ | गनगाई | ४१४४६ |
| ६२ | बढई | ५२४३७ |
| ६३ | कथवानिया | ५२४६६ |
| ६४ | बानियाँ | ५३६५५ |
| ६५ | कहार | ५९८८२ |
| ६६ | मुसहर | ६४९७४ |
| ६७ | बरई | ६८०११ |
| ६८ | हलुवाई | ७१७९६ |
| ६९ | रानाथारु | ८३३०८ |
| ७० | सोनार | ९३३८० |
| ७१ | कुम्हार | ९५७२४ |
| ७२ | लोहार | १००६८० |
| ७३ | सुडी | १०७३८० |
| ७४ | नुनीया | १०८७२३ |
| ७५ | घर्ती/भुजेल | १२०२४५ |
| ७६ | मल्लाह | २०७००६ |
| **जम्मा जनसंख्या** | | १८३४९१८ |
| **जनसंख्या प्रतिशत** | | ६.२९% |

**स्रोतः निर्वाचन आयोग र राष्ट्रिय तथ्याङ्क कार्यालय**

३) संविधानको धारा १८ र ४२ मा भएको व्यवस्थालाई कार्यान्वयन गर्न विद्यमान कानूनद्वारा तोकिएका ६ वटा क्लष्टरका अतिरिक्त राष्ट्रिय जीवनमा उल्लेख्य योगदान दिइ उत्कृष्टता हासिल गरेका कला, साहित्य, कानून, समाजसेवा, अर्थशास्त्र, चिकित्सा विज्ञान, भौतिक विज्ञान, शिक्षा, श्रमिक, किसान, पिछडा वर्ग, लैंगिक तथा यौनिक अल्पसंख्यक लगायत क्षेत्रका प्रतिष्ठित व्यक्ति र बुद्धिजीवीको छुट्टै क्लष्टर बनाउन उपयुक्त हुने।

४) राष्ट्रिय जीवनमा महत्वपूर्ण योगदान गरेका व्यक्तिहरुलाई समेट्ने गरी राष्ट्रिय सभाको निर्वाचन तथा मनोनयनबाट छनौट गर्न नेपालको विविधता र वर्गीयतालाई विचार गरी निर्धारित प्रतिशतको दरले विशेष समूहको छुट्टै क्लष्टर खडा गरी कार्यान्वयन गर्ने।

५) कुनै तहको निर्वाचनमा पराजित उम्मेदवारलाई सोही कार्यकाल भित्र राष्ट्रिय सभामा निर्वाचित वा मनोनित हुन नपाउने व्यवस्था मिलाउन उपयुक्त हुने।

६) देहायको तालिका बमोजिम २०६३ वैशाख देखि २०७९ चैत सम्म संघीय व्यवस्थापिका र कार्यपालिकामा रहेको समुदायगत प्रतिनिधित्वको औसतको स्थितिलाई विश्लेषण गर्दै उनीहरुको जनसंख्याको आधारमा राजनीतिक क्षेत्रमा प्रतिनिधित्व/आरक्षणको व्यवस्था मिलाउने।

**२०६३ वैशाख देखि २०७९ चैत सम्म संघीय व्यवस्थापिका र कार्यपालिकामा रहेको समुदायगत प्रतिनिधित्वको औसतको स्थिति:**

| क्र.सं. | समुदाय | राष्ट्रियजनगणना, २०७८ मा रहेको जनसंख्या प्रतिशत | संघीय व्यवस्थापिकामा रहेको प्रतिनिधित्वको संख्या | व्यवस्थापिकामा प्रतिनिधित्वको औसत प्रतिशत | कार्यपालिकामा प्रतिनिधित्वको औसत प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | खस आर्य | ३०.११ | १०३+१०९+१३७+११४+१२२+१३०+१२+१४ +३७+१६३ = ९४१ | ९४१/२१९९ = ४२.७९% | ४४.७२ | |
| २ | आदिवासी / जनजाति | २८.५८ | ८०+६३+१०७+४७+११५+६६+६९+ २+३+९=५६२ | ५६१/२१९९ = २५.५६% | २१.७४ | |
| ३ | दलित | १३.३५ | ५+३६+१+३४+१८+१६+२+३+७+१६ = १३८ | १३८/२१९९ = ६.२८% | ४.७३ | |
| ४ | थारु | ६.२० | १९+१४+२०+१८+२२+१६+१३+०+०+१=१२३ | १२३/२१९९ = ५.६०% | ५.८० | |
| ५ | मधेशी | १६.३९ | ४७+५४+८४+३७+६२+४७+४२+३+०+४=३८० | ३८०/२१९९ = १७.२८% | २०.०८ | |
| ६ | मुस्लिम | ४.८६ | ४+६+१२+५+१३+९+५+०+०+१ = ५५ | ५५/२१९९ = २.५०% | २.९० | |
| ७ | महिला | ५१.४४ | २८+१६३+७+१५२+९१+९+८२+७+७+२२+५ ७ = ६२५ | ६२५/२१९९ = २८.४२% | १५.३२ | |

*स्रोतः निर्वाचन आयोग र राष्टिय तथ्याङ्क कार्यालय*

७) व्यवस्थापिका र कार्यपालिकामा जातीय र सामुदायिक सन्तुलनका अतिरिक्त क्षेत्रीय, प्रादेशिक, भौगोलिक एवं सांस्कृतिक सन्तुलनलाई समेत ध्यान दिनुपर्ने।

८) समावेशी समूह (Cluster) भित्र समानुपातिक निर्वाचन प्रणालीतर्फ अवसर पाउनेमा तत् तत् वर्ग, समुदाय र जातिका माथिल्लो तप्का (Creamy Layer) ले मात्र पटक-पटक अवसर पाइरहेको देखिएकोले यसरी अवसर पाइसकेका वर्ग, समुदाय वा जातिको सूची (Exclusion List) तयार गर्ने। उक्त सूचीलाई क्रमश: अद्यावधिक गर्दै लैजाने र सो सूचीका आधारमा उक्त अवधिसम्म अवसर नपाएका वर्ग वा समुदायका लागि सम्बन्धित समावेशी समूहभित्र समावेशी उपसमूह (Sub-Cluster) बनाई उक्त समूहबाट उम्मेदवार सिफारिस गर्दा ती समावेशी उपसमूहबाट अनिवार्य प्रतिनिधित्व गराउन आवश्यक व्यवस्था मिलाउने।

९) राज्य संयन्त्रमा लक्षित समुदायको प्रतिनिधित्व गराउने औजार केवल समानुपातिक प्रतिनिधित्व मात्र हो कि जस्तो भएको छ। समुदाय भित्र नै चुनावमा प्रतिस्पर्धा गर्न सक्ने व्यक्तिको निर्माण र पहिचान हुन आवश्यक छ। समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित व्यक्तिलाई हेर्ने सामाजिक मनोविज्ञानलाई थप सकारात्मक तुल्याउन त्यस्ता व्यक्तिको सशक्तीकरणका लागि आवश्यक प्रबन्ध गर्ने।

१०) समानुपातिक निर्वाचन प्रणालीतर्फ उम्मेदवार सिफारिस गर्दा सम्बन्धित राजनीतिक दलको कार्यकारी पदमा रहेका पदाधिकारीका एकाघरका परिवार र नातेदारलाई एकै पटक उम्मेदवार सिफारिस गर्न नपाउने व्यवस्था मिलाउने। साथै, उक्त प्रणालीतर्फ एकै पटक एउटै राजनीतिक दलबाट एकै परिवारका एक जनाभन्दा बढी सदस्यलाई उम्मेदवार सिफारिस गर्न नपाउने व्यवस्था मिलाउने।

११) राजनीतिक दलहरुमा एकै व्यक्ति वा परिवारका सदस्यले पटक-पटक अवसर पाउँदा अन्य आकांक्षीहरुमा नैरश्यता हुन सक्ने र कतिपय सक्षम र उर्जाशील व्यक्ति प्रतिस्पर्धा गर्ने अवसरबाट बञ्चित हुन सक्ने देखिएकोले तल्लो तहको पदबाट माथिल्लो तहको पदमा जाने बाहेक एक जना व्यक्तिले एक पटकभन्दा बढी समानुपातिक पद्धतिबाट प्रतिनिधित्वको अवसर नपाउने व्यवस्था लागू गर्न आवश्यक व्यवस्था मिलाउने।

१२) नेपालको संविधानले संघीय संसदमा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य संख्याको कम्तीमा एक तिहाइ महिला सदस्य हुनुपर्ने व्यवस्था गरेको सन्दर्भमा संविधानको मर्म अनुसार महिलाको सहभागिता सुनिश्चित गर्न व्यवस्थापिका संसदको प्रतिनिधि

सभातर्फ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट निर्वाचित हुने सदस्यमध्ये कम्तीमा एक तिहाइ महिलाको प्रतिनिधित्व सुनिश्चित गर्न निर्वाचनमा भाग लिने दलले उम्मेदवार सिफारिस गर्दा तीन वा सोभन्दा बढी निर्वाचन क्षेत्र भएको जिल्लाको कम्तिमा एक तिहाई निर्वाचन क्षेत्र (उदाहरणका लागि ३ वटा निर्वाचन क्षेत्र भएको जिल्लामा १ वटा क्षेत्र, ४ देखि ६ वटा निर्वाचन क्षेत्र भएको जिल्लामा २ वटा क्षेत्र र ७ वा सोभन्दा बढी निर्वाचन क्षेत्र भएको जिल्लामा ३ वटा क्षेत्र) मा महिलालाई सिफारिस गर्ने गरी व्यवस्था मिलाउने।

१३) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ निर्वाचनमा उम्मेदवार भएपश्चात प्रचारप्रसारका लागि अत्याधिक रकम खर्च हुने गरेको देखिएको र कतिपय उम्मेदवारले निर्वाचनका लागि दलको तर्फबाट मनोनयन पत्र (टिकट) पाउँदा समेत आर्थिक अभावका कारण निर्वाचनमा प्रतिस्पर्धा गर्नबाट पछि हट्नु पर्ने अवस्थासमेत देखिन आएको हुँदा उम्मेदवारको निर्वाचन प्रचारप्रसार कार्यलाई सरल, सहज र कम खर्चमा सम्पन्न गर्न सक्ने व्यवस्था मिलाउन आवश्यक प्रबन्ध गर्ने।

## ख. पिछडा वर्गको थर सूचीकरण सम्बन्धी

आयोगको मिति २०८०/१०/०८ को निर्णयानुसार पिछडा वर्गको थर सूचीकरण सम्बन्धी देहाय बमोजिमको सिफारिस गरिएको :-

**भूमिका**

नेपालको संविधानको धारा १८ समानताको हक सम्बन्धी व्यवस्थामा सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न सकिने व्यवस्था छ। त्यसैगरी धारा ४२ मा सामाजिक न्यायको हकमा समेत आर्थिक रुपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ भन्ने उल्लेख छ। संविधानले सुनिश्चित गरेको पिछडा वर्गका नागरिकका लागि विशेष व्यवस्था गर्ने सन्दर्भमा सर्वप्रथम त पिछडा वर्ग भित्र पर्ने थरहरुको एकीन हुन आवश्यक छ।

नेपालको संविधानको धारा २५८ मा राष्ट्रिय समावेशी आयोगको गठन तथा धारा २५९ ले आयोगको काम, कर्तव्य र अधिकारको व्यवस्था गरेको छ। खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, श्रमिक, किसान, अल्पसङ्ख्यक, सीमान्तीकृत समुदाय तथा पिछिडएको वर्ग र कर्णाली, पिछडिएको क्षेत्र तथा आर्थिक रुपले विपन्न वर्ग लगायतका समुदायको हक अधिकारको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरण गर्ने विषय राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ मा उल्लेख गरिएको छ।

नेपालको संविधानको धारा २५९ को उपधारा १ को खण्ड (क, ग र ङ) ले गरेको व्यवस्थानुसार खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, श्रमिक, किसान, अल्पसङ्ख्यक एवम् सीमान्तीकृत समुदाय तथा पिछिडएको वर्ग र कर्णाली तथा आर्थिक रुपले विपन्न वर्ग, पिछडिएको क्षेत्र लगायतका समुदायको हक अधिकारको संरक्षणका लागि अध्ययन तथा अनुसन्धान गर्ने एवं उल्लिखित समुदाय, वर्ग र क्षेत्रको राज्य संयन्त्रमा उचित प्रतिनिधित्व भए नभएको अध्ययन गरी त्यस्तो समुदाय,वर्ग र क्षेत्रको प्रतिनिधित्वका लागि गरिएको विशेष व्यवस्थाको पुनरावलोकन गर्न सरकारलाई सुझाव दिने व्यवस्थाले आयोगलाई यस तर्फ अध्ययन र अनुसन्धान गर्न अझै जिम्मेवार बनाएको छ।

यसैगरी, राष्ट्रिय समावेशी आयोग ऐन २०७४ को दफा ३ मा आयोगको काम, कर्तव्य र अधिकारमा आयोगको लक्षित वर्गसँग सम्बन्धित समुदाय, वर्ग र क्षेत्रसँग सम्बन्धित नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन र मूल्यांकन गर्ने र सुधारका लागि सरकारलाई सुझाव दिने र लक्षित वर्ग, क्षेत्र र समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न सरकारलाई सिफारिस गर्ने उल्लेख छ। यसको कार्यान्वयनको लागि आयोगबाट पिछडा वर्ग भित्र पर्ने थर सूचीकरणका लागि अध्ययन गरी सरकारलाई सिफारिस गरिएको हो।

पिछडा वर्गको थर सूचीकरणका सम्बन्धमा आयोगले आ.व. २०७७/७८ मा प्रारम्भिक रुपमा अध्ययन गरेको थियो। यस अध्ययनको सीमिततालाई ध्यानमा राखेर आ.व. २०७८/७९ मा आयोगले पूर्णता पाएसँगै राय सुझावका लागि आयोगको वेभसाइट, फेसबुक पेजमा सूची प्रकाशन, सबै जिल्ला प्रशासन कार्यालय, पिछडा वर्गको बसोबास भएको मानिएका जिल्लाका स्थानीय तहका अतिरिक्त प्रमुख राजनीतिक दल, सबै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा समेत सुझावका लागि पत्राचार गरी छुटेका थरहरुको विवरण माग गर्नुका साथै आयोगका

पदाधिकारीहरुबाट सरोकारवालासँग स्थलगत रुपमा अन्तर्क्रिया छलफल गरेर राय सुझाव लिईएको थियो।

आयोगको कार्यालयमा पत्र, इमेल तथा सामाजिक सञ्जालको माध्यमबाट प्राप्त राय/सुझावलाई समेत समावेश गरी पिछडा वर्गका थरहरुको सूची तयार गरी लक्षित वर्गका विभिन्न समाज एवम् समूहसँग पटक पटक छलफल तथा अन्तर्क्रिया गरेको थियो।

पिछडा वर्गमा रहेका जात, थरहरुका सम्बन्धमा विस्तृत अध्ययन हुनुपर्ने देखिएकोले समाजशास्त्रीय मात्र नभएर मानवशास्त्रीय दृष्टिकोण समेतको आधारमा थप अध्ययनको आवश्यकता देखिएको छ।

सूचनाको हक र यसको पारदर्शिताको लागि तथा अध्ययनमा वास्तविक वर्गको धारणा अझ स्पष्ट र विवाद रहित बनाउनको लागि राष्ट्रिय समावेशी आयोगबाट अध्ययनको सिलसिलामा संकलन हुन आएका पिछडा वर्गमा समेटिन सक्ने थरहरुको सूची प्रकाशन गरी सरोकार भएका विभिन्न पक्षसँग राय, प्रतिकृया र सुझाव संकलन गरिएको थियो।

नेपालको वर्तमान अवस्थामा पिछडा वर्गका सम्बन्धमा यस किसिमको विस्तृत अध्ययन यस अघि भएको देखिदैन। यो प्रकाशन नीति निर्माणका साथै यस क्षेत्रका जिज्ञासु, विद्यार्थी र अध्ययन अनुसन्धानकर्ताका लागि उपयोगी हुने विश्वास आयोगले लिएको छ।

## पिछडा वर्गको जात थरहरु

| क्र.स. | जात | थरहरु |
|---|---|---|
| १. | कुशवाहा/ कोइरी | कुशवाहा, महतो, मेहता, सिंह, सिन्हा, कोइरी, वर्मा, मौर्य, सैनी, गहलोत, मुराउ, डांगी, भगत, प्रसाद। |
| २. | कुर्मी | कुर्मी, मण्डल, चौधरी, राय, राउत, पटेल, बर्मा, सिंह, राढ,। |
| ३. | कुम्हार | पण्डित, प्रजापति, कुम्भकार, कुम्हार, कोहार, पंडित, कुम्हाल, कुम्हाले, कुमाल, वर्मा, चक्रधारी, चक्रवर्ती, पाल। |
| ४. | कहार | महतो, कहार, भुज, गुप्ता। |
| ५. | केवट | कामत, मण्डल, केवट, कियोट, कामति, कामैत, केउट, कापर, कापरी |
| ६. | कानु | कानु, साह/शाहगुप्ता, कान्दु, कान्दोइ। |

| क्र.स. | जात | थरहरु |
|---|---|---|
| ७. | कलवार | साह, कलवार, भगत, चौधरी, प्रसाद, गुप्ता, जयसवाल, व्याहुत। |
| ८. | तेली | साह, शाह, साहु, तेली, गुप्ता, नायक, सेठ,चाई,राठोर, निसाढ, तैंलिक, मोदी, राथौड |
| ९. | नुनिया | साह, महतो, नुनिया, नोनिया, लोनिया, चौहान |
| १०. | बनियाँ | साह, गुप्ता, बनिया, बर्णवाल, ओमारवैश्य, कशौधन, कान्दु, अग्रहरि, पटनवार, पटेल, बर्मा, दास, चौधरी, कथबनियाँ, सिन्दुरिया, सेनुरिया, बानिया, कायस्थ, श्रीवास्तव, सिंह, कसेरा, पोरवाल, वैश्य, पोछार, देव, केशरी, केशखानी, प्रसाद |
| ११. | बढई | ठाकुर, शर्मा, सुतिहार, बरही, विश्वकर्मा, बढैइ,बढई, नागवंशी, बरई (चौरसिया) |
| १२. | भेडिहर | पाल, भेडीहर, राउत, भगत, दनेरी, गडेरी, गडेरिया |
| १३. | माली | महतो, मालाकार, भण्डारी, माली, सैनी |
| १४. | मल्लाह | सहनी, मुखिया, चौधरी, मल्लाह, गोडिया, बोट, गोठी |
| १५. | यादव/ गुवार | यादव, अधिकारी, खङ्गा, अरगरिया, अहिर, यदुवंशी, गोप, मरबैता, गोईत, दास, लगरवार, विराजी, बहरखेर, सुनरैत, खिरहैर, महतमान, गोहितमान, भिन्डवार, मसैता, बनैता, भदेसवार, आब, मान, मरिक, चनरैत, गोहिवार, मैरता, सुरैत, झखरैत, राय, कैबार, रान, हजरा, मण्डल, बनरैत, चौधरी, कुशियैत |
| १६. | राजभर | चौधरी, राजभर |
| १७. | राजधोव | राजधोव, हजरा, राउत, इसर, मडर (मण्डल), मरर, खडगा, गाईम(गामी), माझी, पैकरा, विश्वास, कापैर, लौगी, प्रमाणी, सन्त, परिहस्त, अधिकारी, पाईक, दास पैरा र पाँडे ,रावत |
| १८. | रौनियार | साह, रौनियार, गुप्ता, आजाद |
| १९. | लोहार | ठाकुर, शर्मा, लोहार, विश्वकर्मा, सुतिहार, मिस्त्री, वर्मा |
| २०. | लोध | लोध, वर्मा (लोध) |
| २१. | सुडी | साह, प्रधान, खङ्गा, महासेठ, नायक, प्रसाद, हाथी, गाईं, गामी, मण्डल, बिच्छा, कापडी, महतो, पूर्वे, पञ्जियार, राउत, कारक, चौधरी, सुडी, भगत,कापर, महथा, गुप्ता, माझी, व्यार, खर्गा, पाण्डे, अग्रहरि, मोदी, गाड़ा, सेठ, खाँ, सतरा, निराला |

| क्र.स. | जात | थरहरु |
|---|---|---|
| २२. | सोनार | साह, ठाकुर, स्वर्णकार, सोनी, सोनार, बर्मा, ठठेरा |
| २३. | हजाम/ नाई/ठाकुर | ठाकुर, शर्मा, नाई, नाऊ, नापित, हजाम, मर्दनिया, सिंह, नाइ ब्राम्हण, कनौजिया, अवधिया, नन्दवंशी, श्रीवास्तव, सेन, सेनवंश |
| २४. | हलुवाई | साह, हलुवाई, गुप्ता, शाह<br>साहू, कनौजियाँ, गोठ, मधियाँ, मोदक |
| २५. | अमात | राय, राउत, अमात्य, अमात, विश्वास, शर्मा , मण्डल |
| २६. | केवरत | केवरत, मण्डल |
| २७. | सैनी | सैनी, महतो |
| २८. | बिन | मुखिया, सहनी, बिन, चौधरी, महतो, भगत |
| २९. | जोगिया | जोगिया, योगी, गिरी, गोसाइ, गोश्वामी |
| ३०. | लहेरा/ लहेरी | लहेरी, कौशल, वैश्य, गुप्ता, ठठेस, लहेरा, साह, ठठेर , ठठेरी, लहेरा, पटहार |
| ३१. | बेल्दार | बेल्दार, राउत, सिंह, शर्मा, चौहान, महतो, चौधरी |
| ३२. | नट/नटवा | नट, नटवा, बन्जारा, बञ्जारा, वैद्य, राय, राठौर |
| ३३. | कलावाज | कलावाज |
| ३४. | कथबनियाँ | दास, चौधरी, कैथल, वैश्य, वैश, कैथल<br>वैश्य, बनिया, सिन्दुरिया, बनियाँ, गुप्ता, सेनुरिया, कथबनियाँ |
| ३५. | अरख | अरख |
| ३६. | भुर्जी | भुर्जी, सक्सेना, कनवजीया, गुप्ता, शाह |
| ३७. | राजी | घटाला, कचाले, कुइनेल, कुम्लेल, ग्रनुवाल, रघेल |
| ३८. | खैराह, गुज्जर | खैराह,गुज्जर |
| ३९. | पटवा | पटवा, दास, पटेल |
| ४०. | चनउ | सिंह, महतो, चनउ |
| ४१. | कलाल | साह, चौधरी, कलाल, जैसवाल, जयसवाल |

| क्र.स. | जात | थरहरु |
|---|---|---|
| ४२. | बरई | भगत, चौरसिया, पनवारिया, बरई, बरै, पनवारी |
| ४३. | वोट | वोट |
| ४४. | कशेरा/ कसेरा | साह, कशेरा,कसेरा |
| ४५. | पटनवार | पटेल, वर्मा, वटनवार |
| ४६. | कमकर | कमकर, महतो, राउत, कहार |
| ४७. | कसोधन | कसोधन, कसौधन, कशौधन, कश्यप, केशवधन, वैश्य |
| ४८. | मंगता/ महाउत | गुप्ता, सर्राफ, चौधरी, अग्रवाल, कौल, खत्री, मंगता, महाउत |
| ४९. | चौहान | चौहान, प्रसाद, महतो, चाई, चौधरी |
| ५०. | चाई | चन्द्रवंशी, मण्डल |

**ग. आरक्षण व्यवस्था सम्बन्धी**

आयोगको मिति २०८०/१०/१५ को निर्णयानुसार आरक्षण व्यवस्था सम्बन्धी देहाय बमोजिमको सिफारिस गरिएको :-

समाजवादप्रति प्रतिवद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने संविधानको सोच अनुरुप सबै वर्गभित्र रहेको असमानता न्यूनीकरण गर्न गरिबमुखी व्यवस्थाका लागि राज्यका नीति, कानून तथा कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्नु आवश्यक छ। राज्यले पछाडी परेका वर्ग तथा समुदायलाई शासन प्रणालीमा समावेश गर्न आरक्षणको व्यवस्था गरेको छ। विद्यमान आरक्षण प्रणालीमा पिंधको वर्गलाई माथि उठाउनुपर्ने देखिएको छ भने यस आयोगले २०६३ सालदेखि २०७९ सालसम्म भएका संविधान सभा, राष्ट्रिय सभा, प्रतिनिधि सभा, प्रदेश सभा र सो अवधिको संघीय एवं प्रदेश कार्यपालिकामा प्रतिनिधित्वको अवस्थाको अध्ययनबाट समेत राजनीतिक प्रतिनिधित्वको हिसाबले ७६ जातिको प्रतिनिधित्व शून्य रहेको अवस्था देखिएको छ। यसैगरी, सार्वजनिक प्रशासनमा पनि अति सीमान्तीकृत वर्गको प्रतिनिधित्व अत्याधिक न्यून रहेको कुरालाई ध्यानमा राखी आयोगले

२०७८ सालमा गरेको "विद्यमान सरकारी सेवामा आरक्षणको प्रभाव अध्ययन" समेतका आधारमा आरक्षण व्यवस्थाका सम्बन्धमा देहाय बमोजिम सरकारलाई सिफारिस गर्ने।

१. आरक्षण व्यवस्थाबाट लाभ लिने कार्यलाई एकै ठाउँमा थिग्रिन नदिई विस्तारित गर्न आरक्षण अन्तर्गत सार्वजनिक सेवामा सबल र आर्थिक रुपमा सम्पन्न व्यक्ति वा परिवारको उपस्थितिलाई न्यायपूर्ण बनाउन र आरक्षणलाई सामाजिक न्यायको दृष्टिकोणबाट उपयुक्त बनाउन देहाय बमोजिमका व्यक्तिहरुलाई आरक्षण व्यवस्था अन्तर्गत सेवा प्रवेशको सुविधा प्रदान नगर्नेः-

(क) निजामती तथा अन्य सार्वजनिक सेवा तर्फ राजपत्रांकित प्रथम श्रेणी वा सोभन्दा माथिल्लो तहमा सेवारत वा निवृत्त भएका कर्मचारीका सन्तति (छोरा-छोरी),

(ख) संघ वा प्रदेश संसदको सदस्य भएको, संवैधानिक निकायको पदाधिकारी वा एक वर्षभन्दा बढी अवधि मन्त्री, राज्यमन्त्री वा सहायक मन्त्री भएका बाबु आमाका सन्तति,

(ग) पति, पत्नी वा दुवैले वर्षको कम्तीमा दुई लाख आय कर तिर्ने व्यवसायी, व्यापारी, उद्योगी, वा डाक्टर, इन्जिनियर, वकिल जस्ता पेसा गर्ने बाबु आमाका सन्तति,

(घ) महानगरपालिकाको प्रमुख वा पूर्व प्रमुखका सन्तति,

(ङ) विश्वविद्यालयका वर्तमान तथा पूर्व कुलपति तथा उपकुलपति र विश्वविद्यालयमा विशिष्ठ श्रेणीको पदमा काम गरेका प्राध्यापकका सन्तति,

(च) बुवा र आमामध्ये एक वा दुवै संयुक्त राष्ट्र संघ लगायत अन्तर्राष्ट्रिय संघ संस्थामा अधिकृतस्तरमा सेवारत व्यक्तिको सन्तति,

(छ) गैर आवासीय नेपाली नागरिक र निजका सन्तति,

(ज) हाललाई पाँच करोड रूपैयाँ भन्दा बढी मूल्यको सम्पत्ति भएका व्यक्ति वा निजका सन्तति (यस बुँदा अनुसारको सम्पत्ति मूल्यांकन प्रयोजनका लागि चल, अचल सम्पत्ति (घर, जग्गा, सेयर, लगानी लगायत)को आधारमा सम्पत्ति निर्धारण गर्ने मापदण्ड सरकारले निर्धारण गर्ने।)

२. पिछडिएको क्षेत्रबाट आरक्षणको सुविधा प्राप्त गर्न त्यस्ता व्यक्ति वा निजको बाबु, आमाको नाममा आफ्नो जिल्ला बाहिरका महानगरपालिका, उपमहानगरपालिका वा नगरपालिकामा घरजग्गा हुन नहुने।

३. आरक्षण दाबी गर्ने व्यक्तिले आरक्षण सुविधाका लागि बुँदा नं. १ र २ मा उल्लेखित वर्गमा नपर्ने भनी अनिवार्य रुपमा स्व-घोषणा गर्नुपर्ने।

### घ. विपन्न खस आर्य पहिचान सम्बन्धी

आयोगको मिति २०८०/१०/२४ को निर्णयानुसार विपन्न खस आर्य पहिचान सम्बन्धी देहाय बमोजिमको सिफारिस गरिएको :-
नेपालको संविधानको धारा १८, समानताको हक र धारा ४२, सामाजिक न्यायको हक अन्तर्गत आर्थिक रुपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हकको व्यवस्था रहेको छ। तसर्थ, आर्थिक रुपले विपन्न खस आर्यको सम्बन्धमा देहाय बमोजिम हुन सरकारलाई सिफारिस गर्ने :-

**देहाय**

१. नेपालको संविधानको धारा ४२ बमोजिम आर्थिक रुपले विपन्न खस आर्यलाई राज्यका निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागिताको व्यवस्थाका लागि आर्थिक रुपले विपन्न खस आर्यको पहिचान गर्न आवश्यक कानूनी व्यवस्था गर्ने।
२. आर्थिक रुपले विपन्न खस आर्यको पहिचान गर्ने कानूनी व्यवस्था नहुन्जेलसम्मका लागि सम्बन्धित स्थानीय तहको सिफारिसका आधारमा विपन्न खस आर्यको रुपमा मान्यता दिई राज्यका निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागिताको व्यवस्था गर्ने।

## ४.२ सिफारिस कार्यान्वयनको अवस्था

सामाजिक, सांस्कृतिक अधिकारको नागरिक स्तरमा उपयोग हुने व्यवस्था गर्दै सामाजिक न्याय कायम गराउने सम्बन्धमा संवैधानिक तथा कानूनी व्यवस्था मात्र पर्याप्त हुँदैनन्। संवैधानिक तथा कानूनी व्यवस्था कार्यान्वयनका लागि स्पष्ट मापदण्ड, कार्यविधि, भौतिक तथा वित्तीय स्रोतसाधन, कार्यान्वयन संयन्त्रको स्वायत्तता, इच्छा र तत्परता पनि उत्तिकै आवश्यक हुन्छ। साथै, भएका व्यवस्थाको कार्यान्वयनमा रहने रिक्तता तथा अवरोधको पहिचान गर्दै कार्यान्वयन अगाडि बढाउनु पर्ने देखिन्छ। आयोगबाट यिनै क्षेत्र विशेषलाई ध्यानमा राखी अध्ययन तथा सिफारिस हुँदै आएको छ।

जनशक्ति तथा बजेटको सीमितताका कारण प्रतिवेदन वर्षमा आयोगका सिफारिस तथा सुझावहरूको कार्यान्वयनको अनुगमन तथा समीक्षा गर्न सकिएको छैन। आयोगबाट अनुगमनका क्रममा

सरकारबाट तर्जुमा भएका कतिपय नीति, कानून तथा कार्यक्रमहरुमा आयोगले सिफारिस गरेका केही विषयहरु समेटिएको देखिए तापनि अधिकांश विषयहरु अझै पनि सम्बोधन हुन सकेका छैनन्।

स्थानीय तहदेखि नै लक्षित वर्ग पहिचान हुने गरी तथ्यांक राख्ने एवम् अद्यावधिक गर्ने प्रणालीको विकास हुन सकेको छैन। जसले गर्दा अल्पसंख्यक, विपन्न वर्ग, अपाङ्गता भएका व्यक्ति, अनौपचारिक क्षेत्रका श्रमिक, भूमिहीन र साना किसान, बेरोजगार व्यक्ति, सुकुम्बासी लगायतका लक्षित वर्गको संरक्षण, सशक्तीकरण र विकासका लागि सरकारद्वारा सञ्चालित लक्षित कार्यक्रममा यथोचित पहुँच पुग्न सकेको देखिंदैन। सीमान्तीकृत, अल्पसंख्यक, गरिब तथा विपन्न वर्गको स्पष्ट परिभाषा, पहिचानका मापदण्ड तथा सूचक निर्धारण हुन नसक्दा यी वर्गका नागरिकका लागि भएका विशेष व्यवस्थाहरुको लाभ उनीहरुसमक्ष पुग्न नसकेको अवस्थाले प्रतिवेदन वर्षमा समेत निरन्तरता पाएको देखिन्छ।

कृषकको हक हित संरक्षण तथा सामाजिक सुरक्षा प्रदान गर्ने उद्देश्यले कृषकको वर्गीकरण सहितको परिचयपत्र वितरण गर्ने सिफारिश गरिएतापिन करिब २६ वटा स्थानीय तहमा मात्र यस्तो परिचयपत्र वितरण गर्न सकिएको छ।

सामाजिक न्याय र समावेशिताको कार्यान्वयन तीनै तहका सरकारको दायित्व हो। यसका लागि आयोगका सिफारिस सबै तहका सरकारमा पुऱ्याउन एवम् सिफारिसहरुको प्रभावकारी कार्यान्वयन गर्न गराउन आयोगको सम्पर्क मन्त्रालय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय रहनु पर्ने भनी आयोगले औंल्याएको भएतापनि कार्यान्वयन हुन सकेको छैन।

राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्दान्तको आधारमा सहभागिता र प्रतिनिधित्व सुनिश्चित गर्ने गरी कानुन निर्माण गर्न, सरकारी सेवामा भर्ना सम्बन्धी कानून निर्माण गर्दा सरकारका तीनै तहमा समानुपातिक समावेशी प्रतिनिधित्वको मर्म र भावना अनुसार आरक्षणको व्यवस्था गर्न तथा आरक्षण व्यवस्थालाई वैज्ञानिक, वस्तुनिष्ठ, अपेक्षित र परिणाममुखी बनाउन यसका निश्चित आधारहरु विकास गरिनु आवश्यक भएको कुरा आयोगका प्रतिवेदनले औंल्याएका भए तापनि त्यस्ता विषयहरु पूर्णतः सम्बोधन हुन सकेका छैनन्।

# परिच्छेद - पाँच

## समस्या तथा चुनौतीहरु

### ५.१ समस्याहरु

नेपालको संविधान र राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ अनुसार विभिन्न एघार वटा लक्षित समुदाय, वर्ग तथा क्षेत्र आयोगको कार्यक्षेत्र भित्र पर्दछन्। लक्षित समुदाय, वर्ग तथा क्षेत्रको हक, अधिकारको संरक्षण, विकास र सशक्तीकरणका सम्बन्धमा अध्ययन, अनुसन्धान सम्बन्धी कार्यलाई नतिजामुखी र प्रभावकारी तुल्याउने क्रममा आयोगले विभिन्न समस्याहरु भोग्नु परेको छ। कार्यसम्पादनको सिलसिलामा आयोगले पहिचान गरेका मुख्य समस्याहरु देहायबमोजिम रहेका छन्:

क. आयोगको कार्यक्षेत्रभित्र पर्ने आर्थिक रुपले विपन्न वर्ग र अल्पसंख्यक एवम् सीमान्तीकृत समुदाय, पिछडिएको क्षेत्रको पहिचानका आधार र मापदण्ड स्पष्ट नहुँदा उक्त वर्गको पहिचानमा कठिनाई हुनु,

ख. आयोगको कार्यक्षेत्र भित्र विभिन्न एघार वटा लक्षित समुदाय, वर्ग र क्षेत्र पर्ने भएकोले कार्यक्षेत्रको व्यापकतालाई मध्यनजर गरी सो अनुरुप बजेट विनियोजन नहुँदा कार्यसम्पादनलाई अपेक्षित रुपमा प्रभावकारी बनाउन नसकिनु,

ग. लक्षित वर्ग सम्बन्धी खण्डीकृत तथ्याङ्कको अभाव हुनु,

घ. आयोगबाट भएका सिफारिसहरु कार्यान्वयन गर्न सरकारका सम्बन्धित निकायको सक्रियता र तदारुकतामा कमी हुनु,

ङ. नेपालको संविधान तथा राष्ट्रिय समावेशी आयोग ऐन बमोजिमको कार्यक्षेत्र र काम, कर्तव्य पूरा गर्न आयोगमा आवश्यक र दक्ष जनशक्तिको कमी हुनु,

च. आयोगको कार्यालय सञ्चालनमा रहेका भौतिक संरचनाहरु अपर्याप्त र जीर्ण भएकाले सुरक्षित र उपयुक्त कार्यवातावरणको अभाव हुनु,

छ. लक्षित वर्गका हक अधिकार सम्बन्धी बनेका कानूनको कार्यान्वयन नहुनु।

## ५.२ चुनौतीहरु

आयोगको काम कारवाहीलाई थप प्रभावकारी बनाउन आयोगको संस्थागत सुदृढीकरण गर्नु मुख्य चुनौतीको रुपमा रहेको छ। आयोगले आफ्नो कार्यसम्पादनका क्रममा देहायबमोजिमका चुनौतीहरु सामना गर्नु परेको छः-

क. सरकारको तीनै तहका निकाय र आम नागरिकमा समावेशीकरण सम्बन्धी बुझाइमा एकरुपता कायम गर्नु,

ख. आयोगको कार्यक्षेत्रभित्र पर्ने पिछडिएको क्षेत्र, आर्थिक रुपले विपन्न वर्ग र अल्पसंख्यक एवम् सीमान्तीकृत समुदायको पहिचानका स्पष्ट आधार र मापदण्ड निर्धारण गर्नु,

ग. विभिन्न आयोगहरुबीच कार्यक्षेत्रका सम्बन्धमा देखिएका दोहोरोपनाको अन्त्य गर्नु,

घ. समावेशीकरणको लाभ सम्बन्धित वर्गका सीमित व्यक्तिले पाउने अवस्थाको अन्त्य गर्ने उपायहरुको पहिचान गर्नु,

ङ. लक्षित वर्गको सशक्तीकरण एवम् हित अभिवृद्धि सम्बन्धमा सरकारद्वारा सञ्चालित कार्यक्रमहरुको सघन अनुगमन गरी रचनात्मक पृष्ठपोषण प्रदान गर्नु,

च. लक्षित वर्गका सम्बन्धमा दिएका सिफारिसहरु सम्बन्धित निकायबाट कार्यान्वयन गराउनु,

छ. आयोगको प्रशासनिक संरचना र पूर्वाधारलाई अनुसन्धानमैत्री बनाउनु,

ज. अध्ययन र अनुसन्धानका लागि आवश्यक दरबन्दी र जनशक्ति व्यवस्था गर्नु तथा कार्यक्षेत्रको आधारमा सरकारद्वारा पर्याप्त बजेटको सुनिश्चितता गर्नु।

# परिच्छेद - छ
## आगामी कार्यदिशा

नेपालको संविधानले राज्यको सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागिता र प्रतिनिधित्व सुनिश्चित गर्ने व्यवस्था गरेको छ। जातीय, धार्मिक र भाषिक रुपमा विभेद र उत्पीडन भोगेका अल्पसंख्यक समुदाय र भौगोलिक, राजनीतिक, आर्थिक तथा सामाजिक रुपले पछाडि परेका सीमान्तीकृत, अति सीमान्तीकृत एवं लोपोन्मुख समुदायको शासन व्यवस्थामा सार्थक पहुँच तथा प्रतिनिधित्वको सुनिश्चितता गर्नु अपरिहार्य रहेको छ।

लक्षित समुदाय, वर्ग र क्षेत्रको सशक्तीकरण एवम् त्यस्ता समुदाय, वर्ग र क्षेत्रको हक, अधिकारको संरक्षणमा आयोगको काम, कारवाहीलाई थप प्रभावकारी बनाउन देहायबमोजिमका सवालहरुमा केन्द्रित हुन आवश्यक रहेको छ।

### ६.१ लक्षित वर्गको हकहित सम्बन्धी

**क. खस आर्य**

- राष्ट्रिय समावेशी आयोगले सिफारिस गरेको खस आर्यको थर सूचीकरणलाई सरकार (मन्त्रिपरिषद्)बाट पारित गराई नेपाल राजपत्रमा प्रकाशन गर्नु,
- आर्थिक रुपले विपन्न खस आर्यको पहिचानका लागि स्पष्ट आधार तथा मापदण्ड तयार गर्नु,
- विपन्न खस आर्यको पहिचानगरी नेपालको संविधानको धारा ४२ मा भएको व्यवस्था बमोजिम उनीहरुलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका विभिन्न निकायमा सहभागी गराउनु,
- कर्णाली सभ्यता र खस आर्यको संस्कृति संरक्षणका लागि सरकारलाई सिफारिस गर्नु,
- खस आर्य लगायत नेपालका आदिवासी समुदायको अध्ययन गराउनु,
- खस आर्यको इतिहास अध्ययन गरी उनीहरुको कला, संस्कृतिको सम्वर्द्धन र विकास गराउनु।

**ख. पिछडा वर्ग**

- राष्ट्रिय समावेशी आयोगले सिफारिस गरेको पिछडा वर्गको थर सूचीकरणलाई सरकार (मन्त्रिपरिषद्) बाट पारित गराई नेपाल राजपत्रमा प्रकाशन गर्नु,

- पिछडा वर्गको संरक्षण तथा उत्थानका लागि विभिन्न कार्यक्रमहरु तर्जुमा तथा कार्यान्वयन गर्नु, गराउनु,
- पिछडा वर्गको वर्गीकरण गरी अन्य समावेशी समूहसँग परेको दोहोरोपना अन्त्य गर्नु।

**ग. अपाङ्गता भएका व्यक्ति**

- अपाङ्गता भएका व्यक्तिहरु सम्बन्धी नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय सन्धी सम्झौताको कार्यान्वयनको प्रभावकारी अनुगमन गर्नु,
- सार्वजनिक सूचनामा अपाङ्गता भएका व्यक्तिको सहज पहुँचका लागि सबै प्रकारका सञ्चार सेवामा अपाङ्गमैत्री प्रविधिको प्रयोगलाई बढाउन आवश्यक सिफारिस गर्नु,
- अपाङ्गता भएका व्यक्तिहरूको वर्गीकरणलाई वैज्ञानिक बनाउँदै त्यसका आधारमा उनीहरूलाई सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम सञ्चालन गर्न सरकारलाई जिम्मेवार बनाउनु,
- अति अशक्त (हिँडडुल गर्न नसक्ने र सहयोगी आवश्यक पर्ने) अपाङ्गता भएका व्यक्तिका लागि सहयोगी सुविधा उपलब्ध गराउन पहल गर्नु,
- अपाङ्गता भएका नागरिकलाई विविधताको पहिचान सहित मर्यादित जीवनयापन गर्न सार्वजनिक सेवा तथा सुविधामा पहुँच पुर्‍याउन पहल गर्नु।

**घ. किसान**

- राष्ट्रिय कृषि विधेयकमा किसानका हक अधिकारलाई थप व्यवस्थित गर्न सरकारलाई सिफारिस गर्नु,
- किसानको वैज्ञानिक रुपले वर्गीकरण गरी सोही अनुसार उनीहरुलाई सेवा, सुविधा तथा सहयोग उपलब्ध गराउन पहल गर्नु,
- कृषकसँग सम्बन्धित विद्यमान नीति, ऐन तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनको अवस्थाको अध्ययन गर्नु,
- कृषकलाई प्रदान गरिने अनुदानको प्रभावकारिता सम्बन्धी अध्ययनलाई अन्तिम रुप दिई अनुदानमा रहेका समस्याहरुको सामाधानका लागि कार्ययोजना सहितका कार्यक्रमहरु सञ्चालनका लागि सरकारसमक्ष सिफारिस गर्नु।

**ङ. कर्णाली**

- साविक कर्णाली क्षेत्रको भौगोलिक विकटता, स्थानीय आवश्यकता, स्रोत र उत्पादनको प्रवर्द्धनलाई प्राथमिकतामा राखेर योजना तथा कार्यक्रम सञ्चालन गर्न सरकारलाई सिफारिस गर्नु,

- कर्णाली क्षेत्रमा बसोबास गर्ने मानिसहरुको जीवनस्तर सुधारका लागि दीर्घकालीन योजनासहित गुणस्तरीय र पहुँचयोग्य शिक्षा, स्वास्थ्य र यातायातको प्रबन्ध गर्न सरकारलाई सिफारिस गर्नु,
- कर्णाली सभ्यता तथा संस्कृतिको संरक्षणका लागि स्थानीय तहलाई जिम्मेवार बनाउँदै संघ र प्रदेशले सहयोग र सहजीकरण गर्ने व्यवस्थाका लागि आवश्यक पहल गर्नु।

**च. पिछडिएको क्षेत्र**

- निर्वाचन लगायतका मौजुदा कानुनहरुमा गरिएको पिछडिएको क्षेत्रको परिभाषा र मापदण्डका सम्बन्धमा अध्ययन गरी पिछडिएको क्षेत्रको पहिचानका आधार तथा मापदण्डहरु वैज्ञानिक बनाउनु,
- पिछडिएको क्षेत्रको सर्वाङ्गीण विकासका लागि आवश्यक नीति तथा रणनीति तयार गर्न अध्ययन तथा अनुसन्धान गर्नु।

**क. आर्थिक रूपले विपन्न वर्ग, अल्पसंख्यक एवम् सीमान्तीकृत समुदाय र पिछडिएको वर्ग**

- पिछडिएको वर्ग, आर्थिक रुपले विपन्न वर्ग, अल्पसंख्यक एवम् सीमान्तीकृत समुदायको परिभाषा र पहिचानका आधारहरु कानूनी रुपमै स्पष्ट गर्नु,
- यी वर्ग तथा समुदायको विकासका लागि क्षमता विकास तथा सशक्तीकरणका कार्यक्रमहरु सघन रुपमा सञ्चालन गर्न सरकारलाई सिफारिस गर्नु,
- तीनै तहका सरकारबाट लक्षित समूहका लागि सञ्चालन भएका सबै कार्यक्रमको नियमित अनुगमन गरी यसमा क्रमशः सुधारका लागि सुझाव दिनु,
- अल्पसंख्यक समुदायका भाषा, संस्कृति, लिपिको संरक्षण तथा सम्बर्द्धन गर्न आवश्यक कार्यक्रम सिफारिस गर्नु।

**ख. ज्येष्ठ नागरिक**

- वृद्धाश्रम, दिवा स्याहार केन्द्र, स्याहार केन्द्र र उपचार केन्द्रको अनुगमन गरी सुधारका लागि सरकारलाई सुझाव दिनु,
- ज्येष्ठ नागरिक माथि हुने हिंसा, दुर्व्यवहार रोकी ज्येष्ठ नागरिकको जीवन मर्यादित र सुखमय बनाउन सरकारलाई कार्यान्वयनयोग्य सुझाव दिनु,
- वृद्धाश्रम सञ्चालन सम्बन्धी मापदण्ड तयार गरी सरकारलाई सिफारिस गर्नु।

### ग. श्रमिक

- श्रमिकहरुको हक अधिकार रक्षाका लागि बनेका श्रम कानूनहरुको कार्यान्वयनका सम्बन्धमा अध्ययन गरी सुधार गर्नुपर्ने विषयमा सरकारलाई सिफारिस गर्नु,
- श्रम सम्बन्धमा सुधारका लागि सो सम्बन्धी अध्ययन गरी सरकारलाई सुझाव दिनु,
- श्रम बजार सूचना प्रणाली र श्रम प्रशासन सुधारका लागि सरकारलाई सिफारिस गर्नु।

### घ. सिफारिस कार्यान्वयन सम्बन्धी

- आयोगले आर्थिक वर्ष २०८०/८१ सम्म सरकारलाई तीस वटा विषयमा सिफारिस तथा सुझावहरु प्रदान गरेको छ। उक्त सिफारिस तथा सुझावहरु कार्यान्वयनको अवस्थासम्बन्धी अध्ययन गरी कार्यान्वयनको गति प्रदान गर्नु पर्नेछ।

## ६.२ आयोगको सांगठनिक सुदृढीकरणसम्बन्धी

### ६.२.१ जनशक्ति

नेपालको संविधान र राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ बमोजिमको काम, कर्तव्य र अधिकार कार्यान्वयनका लागि आवश्यक जनशक्ति तथा स्रोत साधनको लागि आयोगको स्वीकृत संगठन संरचनामा पुनरावलोकन गर्नु।

### ६.२.२ वित्तीय व्यवस्थापन

निर्दिष्ट संवैधानिक जिम्मेवारी पूरा गर्न तथा आयोगको संस्थागत सुदृढीकरण गर्न आयोगलाई आगामी दिनमा आयोगको कार्यक्षेत्र, जिम्मेवारी एवम् आवश्यकताका आधारमा पर्याप्त बजेटको व्यवस्थाका लागि पहल गर्नु।

### ६.२.३ क्षमता विकास

संविधान र कानूनद्वारा आयोगलाई विभिन्न एघार वटा लक्षित समुदाय, वर्ग र क्षेत्रको हक अधिकारको अभिवृद्धि एवम् तिनको संरक्षण, विकास र सशक्तीकरणका लागि सरकारलाई सिफारिस गर्ने गरी व्यापक कार्यक्षेत्र तोकिएको सन्दर्भमा त्यस्ता कार्य सम्पन्न गर्न आयोगका पदाधिकारी तथा कर्मचारीको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्नु।

# अनुसूची-१

## आयोगमा कार्यरत कर्मचारीहरुको नामावली

| क्र.सं. | कर्मचारीको नाम, थर | श्रेणी | पद | कैफियत |
|---|---|---|---|---|
| १ | इश्वर कुमार गिरी | रा.प.प्रथम | सचिव | |
| २ | सुशिला कुमारी पंथ | रा.प.द्वितीय | उपसचिव | |
| ३ | सुचित्रा राई | रा.प.तृतीय | शाखा अधिकृत | |
| ४ | सुनिता पहरी | रा.प.तृतीय | शाखा अधिकृत | |
| ५ | तुलसा पौड्याल | रा.प.अनं. प्रथम | नायब सुब्बा | |
| ६ | भोजराज अधिकारी | रा.प.अनं. प्रथम | नायब सुब्बा | |
| ७ | सन्तोष भण्डारी | रा.प.अनं. प्रथम | लेखापाल | |
| ८ | ध्रुव तिवारी | रा.प.अनं. प्रथम | कम्प्यूटर अपरेटर | |
| ९ | दीपिका दाहाल | रा.प.अनं. प्रथम | निजी सहायक | सेवा करार |
| १० | विनोद प्रसाद जोशी | रा.प.अनं. प्रथम | निजी सहायक | सेवा करार |
| ११ | देवराज तिमिल्सिना | रा.प.अनं. प्रथम | निजी सहायक | सेवा करार |
| १२ | कल्पना खत्री | रा.प.अनं. प्रथम | निजी सहायक | सेवा करार |
| १३ | मुकेश पोखरेल | श्रेणी विहीन | हलुका सवारी चालक | सेवा करार |
| १४ | राम कुमार ओझा | श्रेणी विहीन | हलुका सवारी चालक | सेवा करार |
| १५ | सुमन थापा | श्रेणी विहीन | हलुका सवारी चालक | सेवा करार |
| १६ | सुर्य बहादुर तामाङ्ग | श्रेणी विहीन | हलुका सवारी चालक | सेवा करार |
| १७ | विनोद महर्जन | श्रेणी विहीन | हलुका सवारी चालक | सेवा करार |
| १८ | तिलकुमारी सुवेदी | श्रेणी विहीन | कार्यालय सहयोगी | सेवा करार |

| | | | | |
|---|---|---|---|---|
| १९ | मिरा लामा | श्रेणी विहीन | कार्यालय सहयोगी | सेवा करार |
| २० | रमा खनाल | श्रेणी विहीन | कार्यालय सहयोगी | सेवा करार |
| २१ | शान्ति तिमिल्सिना | श्रेणी विहीन | कार्यालय सहयोगी | सेवा करार |
| २२ | सुरेश नेपाली | श्रेणी विहीन | कार्यालय सहयोगी | सेवा करार |
| २३ | श्याममाया हरिजन | श्रेणी विहीन | स्वीपर | सेवा करार |

## अनुसूची-२

### आयोगको खर्च भएर नजाने भौतिक सामाग्रीहरुको विवरण

### २.१ आयोगले हालसम्म खरिद गरेका भौतिक सामाग्रीहरुको विवरण

| क्र.स. | जिन्सी सामानकोनाम | एकाइ | परिमाण | जिन्सी सामानको भौतिक अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| १ | मोटरसाइकल | थान | ३ | चालु | |
| २ | स्कुटर | थान | २ | चालु | |
| ३ | इलेक्ट्रिक स्कुटर | थान | १ | चालु | |
| ४ | कम्प्युटर (डेस्कटप) | थान | १९ | चालु | |
| ५ | प्रिन्टर | थान | २८ | चालु | |
| ६ | ल्यापटप | थान | १३ | चालु | |
| ७ | अफिस टेबल | थान | ११ | चालु | |
| ८ | अफिस कुर्सि | थान | ४५ | चालु | |
| ९ | टि-टेबल | थान | २२ | चालु | |
| १० | सोफासेट | थान | १९ | चालु | |
| ११ | कार | थान | ५ | चालु | |
| १२ | विद्युत्तीय हाजिर सफ्टवेयर समेत | थान | १ | चालु | |
| १३ | ए.सि. | थान | ७ | चालु | |
| १४ | दराज | थान | १२ | चालु | |

| क्र.स. | जिन्सी सामानकोनाम | एकाइ | परिमाण | जिन्सी सामानको भौतिक अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| १५ | कम्प्युटर टेबल | थान | ७ | चालु | |
| १६ | बुक केश | थान | ६ | चालु | |
| १७ | प्रोजेक्टर | थान | २ | चालु | |
| १८ | फ्याक्स मेसिन | थान | १ | चालु | |
| १९ | भ्याकुम क्लिनर | थान | २ | चालु | |
| २० | टेलिभिजन ४३ इन्च एल जि | थान | १ | चालु | |
| २१ | क्यामरा | थान | १ | चालु | |
| २२ | आइप्याड | थान | २ | चालु | |
| २३ | दुबो काट्ने मेसिन | थान | १ | चालु | |
| २४ | रेफ्रिजेरेटर | थान | १ | चालु | |
| २५ | यु.पि.एस. | थान | ५ | चालु | |

## २.२ आयोगलाई सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट हस्तान्तरण भएका पुराना जिन्सी सामाग्रीहरुको विवरण

| क्र.स. | जिन्सी सामानकोनाम | एकाइ | परिमाण | जिन्सी सामानको भौतिक अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| १. | कार | थान | ३ | १ थान चालु नरहेको | |
| २. | युनिकन १ यामाहा २ | थान | ३ | चालु | |
| ३. | कम्प्युटर सेट | थान | १० | ६ थान चालु नरहेको | |
| ४. | प्रिन्टर | थान | ७ | चालु नरहेको | |
| ५. | ल्यापटप पुराना | थान | ८ | चालु नरहेको | |
| ६. | फोटोकपी मेसिन | थान | १ | चालु रहेको | |
| ७. | सिलिण्डर | थान | ५ | चालु रहेको | |
| ८. | अफिस टेवल | थान | ४५ | १० थान चालु नरहेको | |
| ९. | अफिस कुर्सी | थान | ३ | चालु नरहेको | |

| क्र.स. | जिन्सी सामानकोनाम | एकाइ | परिमाण | जिन्सी सामानको भौतिक अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| १०. | सोफा सेट | थान | ३ | चालु नरहेको | |
| ११. | कुर्सी | थान | ९३ | १५ थान चालु नरहेको | |
| १२. | यू.पि.एस. | थान | ३ | चालु नरहेको | |
| १३. | माइक | थान | ८ | चालु नरहेको | |
| १४. | दराज | थान | १२ | मर्मत गर्नुपर्ने | |
| १५. | विद्युतिय हाजिरसफ्टवयर समेत | थान | १ | चालु नरहेको | |
| १६. | कम्प्युटर टेवल | थान | ३ | चालु रहेको | |
| १७. | बुक केश | थान | १ | चालु रहेको | |
| १८. | प्रोजेक्टर | थान | १ | चालु नरहेको | |
| १९. | फ्याक्स मेसिन | थान | १ | चालु नरहेको | |
| २०. | भ्याकुम क्लिनर | थान | १ | चालु नरहेको | |
| २१. | ग्यास चुलो | थान | १ | चालु नरहेको | |
| २२. | टेलिभिजन | थान | १ | चालु रहेको | |
| २३. | र्‍याक काठको | थान | ९ | ६ थान चालु नरहेको | |
| २४. | ह्वील ब्यारो | थान | १ | चालु नरहेको | |
| २५. | स्क्यानर | थान | १ | चालु रहेको | |
| २६. | जेनेरेटर | थान | १ | चालु नरहेको | |

## अनुसूची-३

### आर्थिक वर्ष २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम तथा विनियोजित बजेट र खर्च रकम

(रु. हजारमा)

| सि.नं. | कार्यक्रम विवरण | इकाई | विनियोजित बजेट | खर्च रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | **अध्ययन/अनुसन्धान/सर्वेक्षण** | | | | |
| १.१ | वृद्धाश्रमहरुको अवस्था सम्बन्धी अध्ययन | एकमुष्ट | १५० | १४९ | |
| १.२ | कृषि सम्बन्धी अनुदानको प्रभावकारिता अध्ययन | एकमुष्ट | २०० | २०० | |
| १.३ | अल्पसंख्यक जातजातीहरुको पहिचानका आधार सम्बन्धी अध्ययन | एकमुष्ट | २०० | १९७ | |
| १.४ | पिछडिएको क्षेत्रको स्थिति र पहिचानका आधारसम्बन्धी अध्ययन | एकमुष्ट | ३०० | ३०० | |
| १.५ | श्रम सम्बन्धको अवस्था सम्बन्धी अध्ययन | एकमुष्ट | २०० | १९३ | |
| १.६ | अपाङ्गता भएका व्यक्तिहरु सम्बन्धी कानूनहरु कार्यान्वयन अवस्थाको अध्ययन | एकमुष्ट | १५० | १५० | |
| १.७ | उपल्लो कर्णाली क्षेत्रको अध्ययन | एकमुष्ट | ३०० | २९७ | |
| १.८ | शासन प्रणालीमा समावेशीता सम्बन्धी अध्ययन | एकमुष्ट | १०० | १०० | |
| १.९ | खस आर्यको संस्कृति अध्ययन | एकमुष्ट | १५० | १३६ | |
| १.१० | पिछडा वर्गको वर्गीकरण सम्बन्धी अध्ययन | एकमुष्ट | १०६ | १०५ | |
| २ | **गोष्ठी/छलफल/अन्तरक्रिया** | एकमुष्ट | ७४४ | ७२७ | |
| ३ | **विविध/अन्य** | एकमुष्ट | ४०० | ३०९ | |
| **कुल जम्मा** | | | **३०००** | **२८६३** | |

# राष्ट्रिय समावेशी आयोगका गतिविधि झल्कने केही तस्वीरहरु



सम्माननीय राष्ट्रपतिज्यूसमक्ष आयोगको पाँचौ प्रतिवेदन बुझाए पश्चात आयोगका पदाधिकारी र सचिव



सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष आयोगका पदाधिकारीहरु




आयोग दिवसको अवसरमा प्रमुख अतिथि सहित आयोगका पदाधिकारीहरु




आयोग दिवसको अवसरमा आयोग परिवार



आयोगका अध्यक्षको बिदाई कार्यक्रम




आयोगका अध्यक्षको बिदाईमा आयोग परिवार




तीज संस्कृति र समावेशीकरणबिचको अन्तरसम्बन्ध र आयामहरु सम्बन्धी छलफल तथा अन्तर्क्रिया पश्चात उपस्थितहरुको सामूहिक फोटो



पशुपति वृद्धाश्रम अवलोकनको क्रममा आयोगका पदाधिकारीहरु



बैतडी जिल्लामा पिछडिएको क्षेत्रको पहिचानका आधारसम्बन्धी छलफल तथा अन्तर्क्रिया पश्चात सामूहिक तस्विर



अल्पसंख्यक वादी समुदायसँग कैलालीको लम्किचुवामा भएको छलफल कार्यक्रम




बझाङ जिल्लामा पिछडिएको क्षेत्रको पहिचानका आधारसम्बन्धी छलफल तथा अन्तर्क्रिया पश्चात सामूहिक तस्विर



आयोगका पदाधिकारहरुद्वारा नेपाल कृषि अनुसन्धान परिषद्संग अवलोकनको क्रममा छलफल



अपाङ्गता भएका व्यक्तिहरुका संस्थाको प्रतिनिधिहरुसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम




अल्पसंख्यक समुदायको पहिचान सम्बन्धी अध्ययन प्रतिवेदन उपर अन्य आयोगका प्रतिनिधिहरुसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम




पोखरामा "अपाङ्गता भएका व्यक्तिहरुसम्बन्धी कानूनहरु कार्यान्वयनको अवस्था सम्बन्धी अध्ययन" प्रतिवेदनउपर छलफत तथा अन्तर्क्रियात्मक कार्यक्रम पश्चात सामूहिक तस्विर




डोल्पा जिल्लामा उपल्लो कर्णाली क्षेत्रको अवस्था सम्बन्धी सरोकारवालाहरूसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम




खस आर्य समुदायका प्रतिनिधिहरुसँग आयोगको सभाहलमा छलफल तथा अन्तरक्रिया




अपाङ्गता भएका व्यक्तिहरु सम्बन्धी कानूनहरुको कार्यान्वयन अवस्था विषयक कार्याशाला गोष्ठी आयोगको सभाहलमा




दार्चुला जिल्लामा पिछडिएको क्षेत्रको पहिचानका आधारसम्बन्धी छलफल तथा अन्तरक्रिया




श्रम सम्बन्धीको अवस्था सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम




सोलुदुधकुण्ड नगरपालिकामा स्थानीय तहमा समावेशीकरण कार्यान्वयनको अवस्था सम्बन्धी लक्षित वर्गसँग अन्तरक्रिया कार्यक्रम




राजनितिक दलका प्रमुख सचेतक/सचेतकहरुसँग पिछडावर्गाको थर सूचीकरण सम्बन्धी अन्तरक्रिया कार्यक्रम



महिला जेष्ठ नागरिक सम्मान कार्यक्रम आयोगको सभाहलमा




गौशाला नगरपालिका महोत्तरी जिल्लामा पिछडा वर्गको वर्गीकरण सम्बन्धी छलफल तथा अन्तरक्रिया पश्चात सामूहिक तस्विर



बैतडी जिल्लामा खस आर्यको संस्कृति सम्बन्धी सरोकारवालाहरुसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम




शे–फोक्सुण्डो गाउँपालिका, डोल्पामा उपल्लो कर्णाली क्षेत्रको अवस्था सम्बन्धी
सरोकारवालाहरूसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम




कृषि अनुदानको प्रभावकारिता अध्ययन सम्बन्धी अध्ययन प्रतिवेदन उपर सरोकारवालाहरुसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम




लैंगिक अल्पसंख्यक समुदायका प्रतिनिधिहरुसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम पश्चात सामूहिक तस्विर




पिछडिएको क्षेत्र पहिचानका आधार तथा मापदण्ड सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम




बालश्रमको विद्यमान अवस्था र भावी रणनीति सम्बन्धी अन्तरक्रिया कार्यक्रम पश्चात सामूहिक तस्विर




दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका खोटाङमा स्थानीय तहमा समावेशीकरण कार्यान्वयनको अवस्था सम्बन्धी लक्षित वर्गसँग अन्तरक्रिया कार्यक्रम




उपल्लो कर्णाली क्षेत्र र शासनमा समावेशिता सम्बन्धी अध्ययन उपर छलफल तथा कार्यक्रम, रानीकोट भक्तपुर

# राष्ट्रिय समावेशी आयोग

पुल्चोक, ललितपुर, नेपाल

फोन नं.: ०१–५४५५३०९/३२७/३२९

वेबसाइड : www.ninc.gov.np, इमेल : info@ninc.gov.np

फेसबुक : facebook.com/ninc.gov.np, ट्वीटर : twitter.com/Inclusion72